# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## भजनी नगरपालिका

## कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## भजनी नगरपालिका

## कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

भजनी नगरपालिका

कैलाली


महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**अनामनगर, काठमाडौं, नेपाल**
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५१७

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
भजनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले भजनी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ९ करोड ४० लाख ५३ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. २६ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १ करोड ८० लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ७० लाख ५६ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ७९ लाख २२ हजार, सोधभर्ना बाँकी रु. ४ लाख ९४ हजार र पेश्की रू. १ करोड ५ लाख ३२ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १९ करोड ४४ लाख ५६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फछ्र्यौट एवं कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. २८ करोड ७६ लाख ३३ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

भजनी नगरपालिका, कैलाली

## १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९० | २७१ | ९४०५३ | ० | ९ | २६ | ९० | २६२ | ९४०२७ | १८०२३ | २७९२२ | ३७०५६ | ० | ४९४ | ६५४७२ | १०५३२ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

(रु. हजारमा)

| क्र.सं. | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १. | १५.२ | ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम दाखिला गर्नुपर्ने | २६ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| भजनी नगरपालिका, कैलाली | १९४४५६ | ० | ८५० | १९३६०६ | ० | ९४०२७ | २८७६३३ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : भजनी नगरपालिका, कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुर्य बहादुर सिंह | २०७८-१२-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | निर्प राज भट्टराई | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ९४,०२६,८८७.३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १९,९९,७८,६६९.७४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४५,१५,३१,००० | **चालु खर्च** | ४६,५३,५६,८०६.३७ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५६,७९,३७७ | **पूँजीगत खर्च** | १४,७४,८२,८२९.१३ |
| **राजश्व बाँडफाँट** | १०,६५,४४,६५० | **वित्तीय/अन्य व्यवस्था** | २०,९६,७१,०५९ |
| **आन्तरिक आय** | ५,१७,१४,१४२.०२ | | |
| **अन्य आय** | २४,१२,७६,९८८ | | |
| **कुल आय** | ८८,६७,४६,१५७.०२ | **कुल खर्च** | ८२,२५,१०,६९४.५ |
| **बाँकी मौज्दात** | | २६,४२,१४,१३२.२६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा १७६.२५ वर्ग किलोमिटर क्षेत्रफल तथा ५१८४५ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>· मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई अर्धबार्षिक रुपमा मात्र कर दाखिला गर्ने गरेको पाइयो,<br>· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन,<br>· सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा सो गरेको पाइएन,<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भए तापनि यस पालिकाले सार्वजनिक खरिद नियमावली र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बनाइ लागु गरेको देखिएन,<br>· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>· पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समितिहरु दर्ता गरी व्यवस्थित गर्नुपर्नेमा सो गरेको पाइएन,<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो गरेको पाइएन,<br>· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयारगरेको पाइएन,<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को व्यवस्थाअनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>· निजामती सेवा ऐन, २०४९ बमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **अनुदान प्राप्ति** | |
| ४.१ | | | **सशर्त अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु. ४,१०,१७,१८७.०० देखाएकोमा पालिकाले अषाढ मसान्तपछि मिति २०७९।५।१० फिर्ता गरेको देखिएको देखिन्छ पालिकाले समयमा नै फिर्ता गर्नतर्फ ध्यान दिनु पर्दछ । | |
| ४.२ | | | **लक्ष्य प्रगति** : कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । साथै सुत्रको खर्च बिवरण भिडान गर्दा चालु र पुजिगत गरी जम्मा ८५१ कार्यक्रम मध्ये २१५ वटा कार्यक्रममा शुन्य प्रगति देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ | |
| ४.३ | | | **अनुदानको अनुगमन** –सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु ४५,२४,१४५.००. खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदान दिदा रोजगारीमुलक, राजस्वमा योगदान पुग्ने,नमुनामुलक कार्यमा मात्र अनुदान नितिको आधारमा कार्यबिधि तयार गरेर दिने ब्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम भएको छैन । अतः पालिकाले जनताकोजीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सि. नं. | अनुदान कार्यक्रम | ब्यहोरा | ५० प्रतिशत अनुदान रकम |
|---|---|---|---|
| १ | गहुबालीको उन्नत बिउ उपयोग कार्यक्रम | आदित्य र गौतम गहु | ६६५,,०००।०० |
| २ | गहुबालीको उन्नत बिउ उपयोग कार्यक्रम | एन एल गहू | ४,२०,०००।०० |
| ३ | गहुबालीको उन्नत बिउ उपयोग कार्यक्रम | बिजय गहु | ६३०,,०००।०० |
| ४ | धानबालीको उन्नत बिउ उपयोग कार्यक्रम | सुजु धान | ५,७२,१८८।०० |
| ५ | धानबालीको उन्नत बिउ उपयोग कार्यक्रम | सुजु धान | ५,७०,५७९।०० |
| ६ | धानबालीको उन्नत बिउ उपयोग कार्यक्रम | सुजु धान | २,६६,३७८।०० |
| ७ | माछा पालान साना किसान कार्यक्रम | अनुदान | ८००,,०००।०० |
| ८ | बगुरपालन अनुदान कार्यक्रम | अनुदान | ६,००,०००।०० |
|  | जम्मा |  | ४५,२४,१४५।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>कार्यक्रम तथा बजेट परीक्षण</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चः- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>४,२१,७४,५९९।००</td><td>२,६९,०४,०८८।००</td><td>४.७१</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>२२,५७५०,,४५४।००</td><td>११८३,,७१,६०३।००</td><td>२०.७४</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>३१९९,,३१,,४९७।००</td><td>२६,७०,०७,,६३४।९१</td><td>४६.८०</td></tr>
<tr><td>संस्थागत बिकास, सेवा प्रवाह र सुशासन</td><td>१,६४,७५,४५०।००</td><td>७२,६८,४९३।००</td><td>१.२७</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१९,००९५,,६६०।६९</td><td>१५,०९,६०,०९५।७६</td><td>२६.४</td></tr>
<tr><td>जम्मा</td><td>७९,४४,२७,६६०।६९</td><td>५७,०५,११,९१५।१७</td><td>९९.९९</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ४६.८० प्रतिशत र संस्थागत बिकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी १.२७ प्रतिशत रहेको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५.२</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>रकमान्तर: आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । नगरपालिकाकाको बिनियोजन ऐन २०७८ मा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू ४ करोड ४२ लाख ५९ हजार अर्थात कुल बजेट रू ६४ करोड.५४ लाख ६९ दहजारको. ६।८५ प्रतिशत रकमाान्तर गरी खर्च गरेको देखिन्छ । अतः यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च-आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली२०७७को को नियम ३५मा त्रैमासिक बिवरण बनाई पेश गर्नु पर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ
<table>
<tr><td rowspan="2">सि. नं.</td><td rowspan="2">पूँजीगत खर्च शीर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="3">चौमासिक खर्च (रु.हजारमा)</td><td>अषाढको खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेसोचौमासिक</td><td></td></tr>
<tr><td>१</td><td>पूँजीगत खर्च</td><td>१४७४८२</td><td>३१७९</td><td>१८२२५</td><td>१२८४७८</td><td>८५६९०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>कूल खर्चः</td><td>१४७४८२</td><td>३१७९</td><td>१८२२५</td><td>१२८४७८</td><td>८५६९०</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>२.१५</td><td>१२.३५</td><td>८७.११</td><td>५८.१०</td></tr>
</table>
वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेश्रो चौमासिकमा ८७.११प्रतिशत र अषाढ महिनामा ५८.१० प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।
</td><td></td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>
योजना र कार्यान्वयन–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुटयाएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष छनौट भई संचालन भएका कामका योजनाहरु देहायअनुसार छन् ।
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th></tr>
<tr><td>१</td><td>रु १ लाखभन्दा कमको योजना</td><td>२८</td></tr>
<tr><td>२</td><td>रु १ लाखएक देखि २ सम्मका योजना</td><td>२६</td></tr>
<tr><td>३</td><td>रु २लाखएक देखि ५ लाख सम्मका योजना</td><td>६९</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>रु ५ लाखदेखि १० लाख सम्मका योजना</td><td>३८</td></tr>
<tr><td>५</td><td>दश लाख एकदेखि ५० लाख सम्मका योजना</td><td>१८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५.६</td><td></td><td></td><td>खर्च बिश्लेषण — पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ५,१७,१४,१४२।४० राजस्व बाँडफाँड र अनुदानबाट रू समेत रु ६७,७०,७५,०९८।०२ आम्दानी भएकोमा चालु तर्फ रु ४६,५३,५६,८०६।३७ र पूँजिगत तर्फ रु १४,७४,८२,८२९।१३ समेत रु ६१,२८३९,,६३५।५०खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७.६३ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु १,०३,१४,५००।०० खर्च भएको छ जुन आन्तरिक आय १९.९४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५।९३प्रतिशत चालु र २४.०६ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आर्थिक सहायता र विविध खर्च</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>आर्थिक सहायताः- पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी बिभिन्न २६८ वटा संघ संस्था र व्यक्तिहरुलाई रु. ५,००० देखि रु. ५०,००० सम्म जम्मा रु. ११,१२,५०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ५,१७,१४,१४२.४ को ३.६९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>खाना तथा विविध खर्चः– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधका लागि सभा सञ्चालन कार्यमा रु. १,३५,०२८ तथा कार्यालयमा खाजा तथा खाना खर्चतर्फ रु. ४२,८७,३८७ गरी जम्मा रु. ४४,२२,४१५ खर्च गरेको छ । पालिकाले कूल आन्तरिक आय रु. ५,१७,१४,१४२.४ को ८.५५ प्रतिशत मात्र खाना तथा विविधमा खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>

**सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ५१ वटा कानून स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ :

<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>विवरण प्राप्त नभएको</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१९४७</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>४७५</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>४९४</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१०२२</td></tr>
<tr><td>सम्बन्ध विच्छेद दर्ता</td><td>१२</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>विवरण प्राप्त नभएको</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>विवरण प्राप्त नभएको</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>विवरण प्राप्त नभएको</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>विवरण प्राप्त नभएको</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । यसरी पालिकामा अपाङ्गमैत्री सेवा, हेल्पडेस्क सुविधा, महिलामैत्री सुविधा तथा अनलाईन सुविधा लगायतको सुविधा सन्तोषजनक देखिएन ।
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>कोभिड आय व्यय तथा प्रकोप कोष</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>
कोभिड आय र व्ययः पालिकाको कोभिड आय र व्ययतर्फ गत वर्षको बाँकी मौज्दात रु. ७,९४,३८६ मध्ये रु. ९०,००० पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च, रु. ४,२१,२४७ कार्यक्रम खर्च, रु. १,२३,३०० भ्रमण खर्च तथा रु. ५०,००० अन्य सामाजिक सुरक्षा गरी जम्मा रु. ६,८४,५४७ खर्च गरी रु. १,०९,८३९ बाँकी मौज्दात देखाएको छ ।
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु.</th><th>खर्च शिर्षक</th><th>रकम रु.</th></tr>
<tr><td>गत बर्षको बाँकी</td><td>७९४३८६</td><td>पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च</td><td>९००००</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटवाट</td><td>०</td><td>कार्यक्रम खर्च</td><td>४२१२४७</td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td>०</td><td>भ्रमण खर्च</td><td>१२३३००</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td>०</td><td>अन्य सामाजिक सुरक्षा खर्च</td><td>५००००</td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td>०</td><td>खोप कार्यक्रम खर्च</td><td>०</td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>०</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>१,०९,८३९</td></tr>
<tr><td>जम्मा</td><td>७,९४,३८६</td><td>जम्मा</td><td>७,९४,३८६</td></tr>
</table></td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>प्रकोप/विपद् व्यवस्थापन खर्चः पालिकाबाट बिभिन्न वडाका लागि विपद् राहत, प्रकोप व्यवस्थापन, सामाग्री वितरण तथा अन्य खर्चमा गरी जम्मा रु. २०,११,२७० को कार्यविधि बेगर खर्च गरेको पाइयो । यस्तो खर्च कार्यविधि बनाई खर्च गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>८.३</td><td></td><td></td><td>समिति गठनः- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेकोरसमिति गठन भएतापनि सो सम्बन्धिको अपेक्षित उपलब्धी हासिल गरेको पाइएन । कानूनमा तोकिए बमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८.४</td><td></td><td></td><td>कार्य योजनाः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घर परिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्य योजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.५ | | | **विपद् व्यवस्थापन कोषः–** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा २३ (१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको रु. २२,७२,५५० मौज्दात रहेकोमा रु. ६,००,०१० आम्दानी भई रु. २०,११,२७० खर्च गरी रु. ८,६१,२९० बाँकी रहेको देखिन्छ । आफ्नै कार्यविधि बनाई यो वर्ष खर्च गरेकोमा कानूनमा भएको व्यवस्थाको पालना हुनु पर्दछ । | |
| ८.६ | | | **वार्षिक प्रतिवेदनः–** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ९ | | | **कानून निर्माणको अवस्था**<br><br>यस नगरपालिकाको न्यायिक समितिले हालसम्म १५ वटा ऐनहरु, ५ वटा नियमावलीहरु, २५ वटा कार्यविधिहरु, ३ वटा निर्देशिकाहरु, २ वटा मापदण्डहरु र १ आचार संहिता सहित जम्मा ५१ वटा कानुनहरु निर्माण भएको देखिन्छ । सो कानुनहरु मध्ये आ. व. २०७८/७९ मा ३ वटा ऐन, १ नियमावली, १ निर्देशिका र ३ कार्यविधिहरु सहित जम्मा ८ वटा कानुनहरु निर्माण भएको देखिन्छ । हालसम्म पनि सार्वजनिक खरिद नियमावली र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बन्न सकेको देखिएन । स्थानीय तहलाई उत्पादन र वितरणको केन्द्र तथा सार्वजनिक सेवा प्रवाह र सुशासनको नमुनाको रुपमा विकास गर्नको लागि आवश्यक कानुनहरुको निर्माण गरी कानुनी सामञ्जस्यता तथा तादाम्यताका साथ प्रभावकारी कार्यान्वयन गर्नुपर्ने जरुरी देखिन्छ । | |
| १० | | | **सम्पत्ति उपयोग र संरक्षणतर्फ** | |
| १०.१ | | | **जिन्सी निरीक्षण प्रतिवेदनः** आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ (१) तथा १११ (१,२,३,४, ५, ६ र ७) बमोजिम कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने विभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार प्रयोगमा नरहेका ३३ किसिमका १८३ वटा सामाग्रीहरुमध्ये २५ किसिमका १३५ वटा सामान मर्मत गरेमा सञ्चालनमा ल्याउन सकिने, ८ किसिमका ४८ सामाग्रीहरु जस्तै एल. ई. डी. डिस्प्ले, डेस्कटप | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कम्प्यूटर, ल्यापटप, सेन्ट्रिफ्यूज मेसिन लगायतका सामान मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने र विभिन्न भवन, पालिका तथा वडाको जग्गाको जग्गाधनी प्रमाणपूर्जा बनाउनको लागि कार्यपालिकाले निर्णय गरेको छ । प्रतिवेदनमा उल्लिखित उक्त सामानहरुको मर्मत तथा लिलाम गरेको पाइएन । उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत तथा लिलाम गरी कार्यालयको जिन्सी अद्यावधिक गर्नु पर्दछ । कार्यालयले पेश गरेको प्रतिवदेनमा चालु आर्थिक वर्षमा खरिद गरेको सवारीसाधन वा मालसमानको जिन्सीमा स्पेसिफिकेशस उल्लेख गरी अद्यावधिक गरेको पाइएन । | |
| १०.२ | | | **सार्वजनिक सम्पत्तिको अभिलेखः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैन । भण्डार शाखा अनुसार पालिका भित्रको२ बिघा जग्गा अतिक्रमण भई मानिसहरुको बसोबास रहेको छ । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ । | |
| १०.३ | | | **जिन्सी लगत खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा हालसम्म पनि गरेको देखिएन । | |
| १०.४ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.५ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु,गराउनु र त्यसको अभिलेख राख्नु पर्दछ । | |
| १०.६ | | | **वडा कार्यालयबाट सामाग्री खरिदः** पालिकाले वडा कार्यालयलाई नै बजेट विनियोजन गरि कार्यालय सञ्चालन सम्बन्धी सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ । नगरपालिकाले पाम्स सफ्टवेयरमा जिन्सी विवरण अभिलेख राख्ने गरेकोमा वडा कार्यालयबाट खरिद विवरण पाम्समा दाखिला हुँदैन र वार्षिक खरिदको एकिन विवरण अद्यावधिक हुन सक्दैन् । अतः पालिका मार्फत् हुने खरिदलाई पनि पाम्समा आवद्ध गर्नेतर्फ ध्यान दिनु पर्दछ । | |
| ११ | | | **खरिद व्यवस्थापन**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ बमोजिम सार्वजनिक निकायले खरिद व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐनमा भएको व्यवस्था बमोजिम खरिद नियमावली तयार गरी लागु गर्नको लागि तीनवटै संघीय तहहरुलाई अधिकार दिइएको अवस्था छ । पालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागु गरेको देखिएन । यस पालिकाको खरिद व्यवस्थापन सम्बन्धी निम्नानुसारको अवस्था रहेको छः<br><br>• खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना बनाएको छैन,<br>• खरिद एकाइको गठन गरेको छ तर खरिद एकाइको प्रयोग गरी खरिद व्यवस्थापन गरेको देखिएन,<br>• एकिकृत रुपमा खरिद कार्य नगरी टुक्रे खरिद गरेको देखिन्छ,<br>• कर्मचारीको नाममा पेश्की दीई खरिद कार्य गरेको पाइयो ।<br><br>यस्तो प्रकारको प्रवृत्तीले सार्वनजिनक खरिद प्रक्रियामा प्रतिस्पर्धा सिमित हुन जाने तथा गुणस्तरीय वस्तु तथा सेवाको आपुर्तिको सुनिश्चितिता हुन सक्दैन।<br>यसर्थ सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **विद्यालय अनुगमन तथा प्रतिवेद**<br><br>स्थानीय तह सञ्चालन ऐन २०७४ ले माध्यामिक तहसम्मको शिक्षाको अनुगमन, मुल्याङ्कन र नियमन लगायतका व्यवस्थापीय कार्यहरु गर्ने अधिकार स्थानीय तहलाई दिएको छ। सम्बन्धित पालिकाले सार्वजनिक तथा निजी विद्यालयको अनुगमन, नियमन व्यवस्था, विद्यालयगत अभिलेख, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर सम्बन्धी कार्यहरु गर्नुपर्ने हुन्छ। पालिकाले विद्यालय अनुगमन तथा शैक्षिक गुणस्तरको मापन मापदण्ड निर्धारण गरेको देखिएन। अतः पालिकाले अनुगमन र गुणस्तर मापनको मापदण्ड बनाई सोहि बमोजिम अनुगमन गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्नु पर्दछ। | |
| १३ | | | **बित्तिय बिवरण परीक्षण** | |
| १३.१ | | | **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| १३.२ | | | **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु १८,५३,८९,९९९।४६ मौज्दात रहेकोमा यो वर्ष रु १९,९९,७८,६६९।७४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १,४५,८८,६७०।२८ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ । | |
| १३.३ | | | **सञ्चित कोषमा स्थानान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. २,६४,९६४।५३ पुँजीगत खातामा रु. २५,२७,५९९३।८७आन्तरिक राजस्व खातामा रु३९,१३,२१३।०९ राजस्व बाँडफाँड खातामा रु २,१३,२८,६३६।२५ र आन्तरिक अनुदान खातमा समेत रु.३,१५,८६,८०७।७४ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.४ | | | **बैङ्क हिसाब विवरण**-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ । | २१,०२९,८१७.६२ |

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २१,५७,७४,११२।८५ | २,३५,८०,२०६।१९ | |
| चालु खर्च खाता | १,३६,६६,४२८।४१ | २२,६४,९४६।५३ | |
| पुँजीगत खर्च खाता | २५००००।०० | २,५२,७५,९९३।८७ | |
| विविध खर्च खाता | १,२८,२१,७५२।५० | ४३,८५,१०१।४९ | |
| प्रकोप व्यवस्थापन खाता | ९,७१,१२४।०० | ९,७१,१२४।०३ | |
| स्थानीय बिबिध खर्च खाता | ४२,७७,८०९।८४ | ००।०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कर्मचारी कल्याण कोष खाता</td><td>००।००</td><td></td><td></td></tr>
<tr><td>धरौटी</td><td>४६,६८,४१७।७२</td><td>४७,७५,९१७।७२</td><td></td></tr>
<tr><td>ग१.१, आन्तरिक अनुदान खाता</td><td>००।००</td><td>१४,०५,९३,२४२।००</td><td></td></tr>
<tr><td>आन्तरिक राजस्व खाता</td><td>००।००</td><td>३९,१३,२१३।०१</td><td></td></tr>
<tr><td>ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>००।००</td><td>२,१३२८,,६३६।२५</td><td></td></tr>
<tr><td>ग ७ अन्य खर्च खाता</td><td>११७८४४८६।९४</td><td>१,६०,९५,९३३।५५</td><td></td></tr>
<tr><td>जम्मा</td><td>२६,४२,१४,१३२।२६</td><td>२४,३१,८४,३१४।६४</td><td>२,१०,२९,८१७।६२</td></tr>
</table>
नगरपालिका कार्यालयले म. ले. प. को आर्थिक बर्ष २०७६।७७ को प्रतिबेदन अनुसार मौज्दात रू ९,८८,३०,०७०।००देखाएकोमा आर्थिक बर्ष २०७७।७८ मा रू १०,५५,८८,३९८।०० अ ल्या गरको र आर्थिक बर्ष २०७७।७८ मा रू १८,५३,८९,९९९।४६ मौज्दात देखाएकोमा आर्थिक बर्ष २०७८।७९मा अ. ल्या गरेको रू १९,९९,७८,६६९।७४ देखिएकोले दुबै बर्षको गरी रू २,१३,४६,९९८।२८ बढी अल्या गरेको देखिन्छ । जसले गर्दाआर्थिक बर्ष २०७८।७९मा बैक हिसाव भिडान गर्दा श्रेस्ता अनुसार रू
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>२६,४२,१४,१३२।२६ र बैक अनुसार रू २४,३१,८४,३१४।६४ देखिएकोले श्रेस्ता भन्दा बैक रु २,१०,२९,८१७।६२ घटी देखिएको पालिकाले एकिन गरी प्रमाण पेश गर्नु पर्ने देखिएको रू.</td><td></td></tr>
<tr><td>१३.५</td><td></td><td></td><td>कट्टी रकम दाखिला नभएको : आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व कार्यबिधि ऐन, २०७६ मा कट्टी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७८।७९ मा कट्टी भई राजस्व खातमा दाखिला गर्न बाकी रहेको रू ३५,०२८।०० संघिय संचित कोष दाखिला गरेको देखिएन । अतः कार्यालयले उक्त कट्टी रकम दाखिला गरेको पेश गर्नु पर्ने देखिएको रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१३.५.१</td><td>कट्टी दाखिला नभएको</td><td>३५,०२८</td></tr>
</table></td><td>३५,०२८</td></tr>
<tr><td>१३.६</td><td></td><td></td><td>फरक हिसाब–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु १९,९९,७८,६६९।७४यस वर्षको प्राप्ति रु ८८,६७,४६,१५४।०२यस वर्षको भुक्तानी रु ८२,२५,१०,६९१।५० र बैङ्क मौज्दात रु २६,४२,१४,१३२।२६ रहेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति</th><th>यसवर्षको भुक्तानी</th><th>बैङ्क मौज्दात</th><th></th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फ</td><td>१९,९९,७८, ६६९।७४</td><td>६७,७०,७५, ०९८।०२</td><td>६१,२८,३९, ६३५।५०</td><td>२६,४२,१४, १३२।२६</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ा.नं.२७२ )</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>१९,९९,७८,६६९।७४</td><td>८८,६७,४६,१५४।०२</td><td>८२,,२,५१०,६९१।५०</td><td>२६,४२,१४१३२।२६</td><td></td></tr>
<tr><td>फरक</td><td>१९,९९,७८,६६९।७४</td><td>८८,६७,४६,१५४।०२</td><td>८२,,२,५१०,६९१।५०</td><td>२६,४२,१४१३२।२६</td><td></td></tr>
<tr><td></td><td>००।००</td><td>२०,९६,७१,०५६।००</td><td>२०,९६,७१,०५६।००</td><td>००।००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३.७</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता- पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २०,९६,७१,०५६।००सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>बिबिध खर्च परीक्षण</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>समपुरकको अंश नबेहोरेको: तराई मधेश समृद्री कार्यक्रम कार्यान्वय गर्न नगरपालिका र संघीय सरकारको क्रमश ३० प्रतिशत र ७० प्रतिशत अंशदान रहने गरी हलौना बाबाको क्याप देखि चर्रा हुलाकी राजमार्ग पदलवापुर सडक निमार्ण उपभोक्ता समितिसंग सम्झौता भएकोमा कार्यालयले उक्त कामको मुल्याङंकन गरी रू ३१,०६,४६३।००भुक्तानी गर्दा नगरपालिकाले अंशदान गर्ने ३० प्रतिशतले हुन आउने रू ९,३१,९३८।००बेहोर्नु पर्नेका रू ६,८१,४६३।००मात्र बेहोरेको देखिएकोले नगरपालिकाले कम अंश बेहोरेको रू २,५०,४७५ ००नगरपालिका कोषबाट संघिय संचितकोष दाखिला गर्नु पर्ने देखिएको रू.</td><td>२५०,४७५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>सार्वजनिक परीक्षणः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४.३</td><td></td><td></td><td>सम्झौता बेगरको भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।यस कार्यालयले श्री कामेश्वर मा.बि को प्राबिधिक धार ब्यवस्थापनको लागी सिलबन्दी सुचना प्रकाशन गरी ग्लोबल साईन्स सर्जिकलसंग रू १५,६७,६५१।९१ को सम्झौता गरेकोमा कार्यालयले सम्झौतामा उल्लेख भए बमोजिमका समान पास भए नभएको बारेमा गुणस्तर परीक्षण गरेको देखिएन र साथै सम्झौतामा उल्लेख भए भन्दा बढी रू ,१,८५,१४१।००भेरिएशन आदेश वा स्विकृती नगरी भुक्तानी दिएको देखिन्छ । यसरी सम्झौता बेगर भुक्तानी गरेको रकम नियमसंगत नदेखिएको रू</td><td>१८५,१४१</td></tr>
<tr><td>१४.४</td><td></td><td></td><td>बितरणको भरपाई नभएकोःआर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । यस कार्यालयले निम्म भौचरबाट खरिद गरेका समान बितरण गरेको भरपाई भौचरसाथ देखिएन । अत नगरपालिका कार्यालय बितरण गरेको भरपाई पेश गर्नु पर्ने देखएको रु
<table>
<tr><th>भौचर न.</th><th>समानको नाम</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td>२१५।२०७९।३।१५</td><td>हयुमपाइप खरिदवडा न.६</td><td>१२</td><td>४,७७,७६४</td></tr>
</table></td><td>४७७,७६४</td></tr>
<tr><td>१४.५</td><td></td><td></td><td>अनुगमन नभएको :-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस पालिकामा आर्थिक बर्ष २०७८।७९ मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन आंशिक पेश गरेको देखिन्छ भने पालिकाद्वारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अतः यसले गर्दा पालिकाद्वारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकादारा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिबेदन अभिलेखगत रूपमा राखु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४.६</td><td></td><td></td><td>गुणस्तर परीक्षणः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण निम्न अनुसार छन् ।
<table>
<tr><th>सि.नं</th><th>निर्माण कामको विवरण</th><th>पार्टीको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>भजनी नगरपालिका घेरावार निर्माण</td><td>भजनी नगरपालिका घेरावार निर्माण उ.स</td><td>१५,९५,९१३</td></tr>
<tr><td>२</td><td>खोदाउपुरमा पक्की नाला निर्माण</td><td>खोदाउपुरमा पक्की नाला निर्माण उ.स.</td><td>८,५१,८७०</td></tr>
<tr><td>३</td><td>हुलाकी सडक देखि हिम्मतपु चोक हुदै कालोपत्रे सडक</td><td>हुलाकी सडक देखि हिम्मतपु चोक हुदै कालोपत्रे सडक नि.उ.स</td><td>९,६१,४०२</td></tr>
<tr><td>४</td><td>अनुग्रही मन्डली भवन निर्माण</td><td>अनुग्रही मन्डली भवन निर्माण उ.स.</td><td>९,६२,८८०</td></tr>
<tr><td>५</td><td>न्यु युवा वाइजको भवन निर्माण</td><td>न्यु युवा वाइजको भवन निर्माण</td><td>९,५१,४६५</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४.७</td><td></td><td></td><td>स्थानिय निर्वाचन खर्चः निर्वाचन आयोगको मिति र च.न. ४११,२०७८।१२।११ को पत्र अनुसार स्थानिय निर्वाचनको लागी निश्चित स्पेशिफिकेशन तोकी सबैसंग प्रतिस्पधा नहुन पाउने गरी सि.सि.क्यामारा जडान गर्नको लागी ७५३ वटै स्थानिय निकायलाई पठाएको परिपत्र अनुसार यस स्थानिय तहले आभास कम्प्युटर टेड्र धोम्बोजी नेपालगंजबाट रु ४,९३,९२३.०० को सि.सि. क्यामारा खरिद गरेको देखिन्छ । यसरी प्रतिस्पधा सिमित हुने गरी स्थानिय निकायलाई सि.सि.क्यामारा बजेट बेगर खरिद गर्न लगाएको कार्य नियम संगत देखिएन । अतः नगर सभाको निर्णय बेगर निर्वाचन आयोगले खर्च गर्न लगाएको नियमसंगत नदेखिएको रू</td><td>४९३,९२३</td></tr>
<tr><td>१४.८</td><td></td><td></td><td>जनसहभागिताको अंशदान :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १ (क) मा उपभोक्ता समितिबाट संचालन गरिने निर्माण कार्यको लागत अनुमानमा जनसहभागिताको अंश समेतको रकम समावेश हुने ब्यवस्था छ । यस पालिका कार्यालयमा उपभोक्ता समितिबाट सचालन गरिने कार्यमा उपभोक्ता समिति वा लाभग्राही समुहको कति प्रतिशत अंश रहेनेछ भनी सभा वा पालिकाको आधिकारीक निर्णय गरेको प्रमाण देखिएन । उपभोक्ताद्वारा सचालित कार्य उपभोक्ता समितिसंग १० प्रतिशत देखि २० प्रतिशतसम्म रकम राखी कार्य सम्पन्न गरेको देखिन्छ । यसरी पालिकाको आधिकारी निर्णय बेगर अंशदानको प्रतिशत राख्ने कार्य नियमसंगत देखिएन । अतः पालिका कार्यालयले लाभग्राही समुदाय वा उपभोक्ता समितीको प्रतिशत एकिन गरी सभा वा पालिकाबाट निर्णय गराई उपभोक्ता समितिबाट कार्य गराउनेतर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४.९</td><td></td><td></td><td>योजनाको प्राथमिकीकरण -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार वडाको लागि वडागत र पालिकास्तरका गरी कुल १७९ योजनामा वजेट विनियोजन गरेको छ।
<table><tr><td>१.</td><td>पालिकास्तरीय</td><td>१७९</td><td>०</td><td>५६</td><td>१२३</td></tr></table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>सशर्त अनुदान (स्वास्थ चालु)</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आधारभुत स्वास्थ सेवा निशुल्क तथा स्वास्थ्य सेवामा समान पहुँच पाउनु प्रत्येक नेपाली नागरिकको मौलिक हक हो। जनताको सबैभन्दा नजिक रहेको स्थानीय तहलाई संविधानले आधारभुत स्वास्थ र सरसफाई, विपद व्यवस्थापन लगायतका स्वास्थ्य सम्बन्धी महत्वपूर्ण जिम्मेवारी दिएको छ। स्थानीय तहहरुको स्वस्थ्य सेवाको जिम्मेवारी पुरा गर्न उनिहरुको क्षमतामा अभिवृद्धी गरी नागरिकले सहज रुपमा स्वास्थ्य सेवा प्राप्त होस् भन्ने उद्देश्यले नेपाल सरकारले सशर्त अनुदान दिँदै आएको छ। यस आर्थिक वर्षमा भजनी नगरपालिकाले सशर्त अनुदानमा स्वास्थ्य तर्फ गरेका खर्चहरुका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन तथा सम्बन्धित कार्यक्रमका कार्यविधिहरुको आधार लिई महालेखापरीक्षकको कार्यालयको बार्षिक लेखापरीक्षण योजना मुताविक खर्चको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु बुँदागत रुपमा रहेका छन्। | |
| १५.१ | | | **स्वास्थ्य कार्यक्रम सञ्चालनः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक बर्ष २०७८/७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ्ग तथा सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपिडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्बन्धि विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ। यस्ता कार्यक्रमहरु यस कार्यविधिले तोकेका शर्तहरुमा रही कार्यान्वयन गर्नु पर्ने हुन्छ। यसरी कार्यान्वयन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी प्रतिवेदन पनि अनिवार्य रहन्छ। एक कार्यक्रम भित्र बिभिन्न कृयाकलापहरु रहन्छन्। ती अन्तरसम्बन्धित रहन्छन् र सबै क्रियाकलापहरु सम्पन्न भएपछिमात्र उक्त कार्यक्रमले सार्थकता पाउछ। पालिकाले एक क्रियाकलाप गरी अन्य क्रियाकलापहरुलाई निरन्तरता नदिई बीचैमा छोड्ने, एक क्रियाकलापमा बढी खर्च गरी अन्य क्रियाकलापहरुको लागि बजेट अपुग गराई कार्यक्रम अधुरै राख्ने, कार्यविधिले नभनेका अनावश्यक कार्यहरुमा खर्च गर्ने, क्रियाकलापहरुको महत्वको आधारमा कार्यक्रम सम्पन्न नगर्ने अभ्यास देखिन्छ । त्यस्तै, मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मुल्यांकन तथा नियमित प्रतिवेदन भएको पनि देखिँदैन। यस्ता प्रवृत्तीले समग्र स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुनै कमोजर हुने र अपेक्षित लाभ प्राप्त हुन नसक्ने जोखिम रहन्छ। अतः पालिकाले स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीताको लागि हरेक कार्यक्रमहरुको ब्रकेडाउन गरी सोहि अनुरुप कार्यक्रम कार्यन्वयनलाई अनिवार्यता गर्ने, कार्यक्रमका सवै क्रियाकलापहरु सम्पन्न गर्ने तथा कार्यविधिले भने बमोजिम अनुगमन गरी प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नु पर्ने देखिन्छ। | |
| १५.२ | ४२१ | २०७९-३-१९ | **ग्रामीण अल्टा साउण्ड कार्यक्रमः** प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारबाट मिति २०७९।१२।२२ को निर्णयबाट रु. २६,३५०।- सम्परीक्षण गरिएको । | |
| १५.३ | | | **एम.पि.डि.एस.आर. कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • नेपालमा वर्षेनी ११ सय भन्दा बढि आमाहरुले गर्भवती भएकै कारणले मृत्यु हुनु परेको अवस्थामा विश्व स्वास्थ्य संगठनको प्रत्येक मृत्युलाई गणना गर्ने (Count Every Death) रणनीति अनुसार समुदायमा भएका सबै मातृ मृत्युको पहिचान गर्ने, समिक्षा गरी मृत्युका कारणको पहिचान गर्ने र भविष्यमा त्यस्ता मृत्युहरु हुन नदिन गुणस्तर सुधारको लागि समुदाय तथा स्वास्थ्य संस्था स्तरमा उपयुक्त क्रियाकलाप सञ्चालन गर्ने उद्देश्यले सरकारले एम.पि.डि.एस.आर. कार्यक्रम सञ्चालन गर्दै आएको छ।<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले समुदायमा कुनै १२ देखि ५५ बर्षका महिलाको मृत्यु भएमा महिला स्वास्थ्य स्वयमसेविकाले तोकिएको सूचना फाराम भरि नजिकको स्वास्थ्य संस्थामा जानकारी गराउनु पर्ने व्यवस्था गरेको छ। यसरी जानकारी पाएपछी स्वास्थ्यकर्मि मृत्यु भएको महिलाको घरमा गइ उक्त मृत्यु मातृ मृत्यु भए नभएको यकिन (स्क्रीनिङ्ग) गरी मातृ मृत्युको प्रारम्भिक पहिचान फारम भर्नु पर्ने हुन्छ। यस्तो फारमबाट मातृ मृत्यु भएको हुन सक्ने देखिएमा जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालायमा मौखिक परीक्षण (Verbal Autopasy) का लागि स्वास्थ्य संस्थाबाट तुरुन्त खबर गर्नु पर्ने हुन्छ।<br>• भजनी नगरपालिकाभित्र मृत्यु भएका महिलाहरुको सूचना महिला स्वास्थ्य स्वयमसेविकाले समयमै दिएपनि सम्बन्धित स्वास्थ्य संस्थाबाट स्वास्थ्यकर्मी मृत्यु भएका सबै महिलाहरुको घरमा गएको देखिएन। लेखापरीक्षण गर्ने क्रममा सम्बन्धित स्वास्थ्य संस्थाले ६ जना मृत्यु भएका महिलाहरुको मातृ मृत्युको प्रारम्भिक पहिचान फारममा मातृ मृत्यु छुट्याउने प्रश्नहरु नभरिएको भेटियो। यस्तो फारम नभर्दा थप अनुसन्धान हुन नसक्ने भएकाले मृत्यु भएका महिलाहरु मातृ मृत्यु हो/होईन यकिन हुन सकेन।<br>• यस्ता गैरजिम्मेवारीपूर्ण कामकारबाहिले मातृ मृत्युहरु हुन नदिन सरकारले गरेको प्रयासमा असर पर्ने, मातृ मृत्युको पहिचान हुन नपाई बास्तविक तथ्याङ्क यकिन नहुने तथा दिगो विकासको एउटा लक्ष्यको रुपमा रहेको यस्तो संवेदनशिल विषयका सम्बन्धमा पालिकाले आवश्यक छानबिन गरी सम्बन्धित स्वास्थ्य संस्था तथा पालिकाका जिम्मेवार व्यक्तिलाई जबाफदेही बनाउनुपर्ने देखिन्छ। | |
| १५.४ | | | **एम.पि.डि.एस.आर. अभिमुखीकरण कार्यक्रम भत्ताः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले कैलाली जिल्लामा एम.पि.डि.एस.आर. अभिमुखीकरण कार्यक्रम सम्पन्न भईसकेको र थप अभिमुखीकरण लागि बजेटको व्यवस्था गरिएको छैन्। तर पालिकाले एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको देखिन्छ। अतः यस कार्यक्रममा दिईएको सहभागी, कार्यक्रम सहजकर्ता, प्रतिवेदन लेखन लगायतका खर्चहरु विधिसम्मत नभएकाले पालिकाले खर्चहरु यकिन गरि असुलउपर गरि संघीय संचित कोषमा दाखिला गर्नुपर्ने कुल रकम रु. | २३,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.५ | | | **निःशुल्क रक्तसञ्चार सेवाः** संस्थागत सुत्केरी संख्या बृद्धी गराई मातृ तथा नवजात शिशु मृत्युमा कमी ल्याउने उद्देश्यले नेपाल सरकारले सञ्चालन गरेका विभिन्न क्रियाकलापहरुमा निःशुल्क रक्तसञ्चार सेवा पनि पर्दछ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जननसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले CEONC सेवा प्रदान गर्ने सरकारी अस्पतालको आवश्यकता अनुसार उपलब्ध भएको रक्त सञ्चालन केन्द्रबाट केन्द्रको नियमानुसार लाग्ने शुल्क केन्द्रलाई भुक्तानी गरी CEONE सेवा लिने महिलाहरुलाई निःशुल्क रगत व्यवस्था गर्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले यस कार्यक्रम अन्तर्गत निःशुल्क रगतका लागि नेपाल रेडक्रस सोसाईटी टीकापुर उपशाखासँग भजनी नगरपालिकाका स्थानीय वासिन्दा, भजनी नगरपालिकाका सरकारी कर्मचारी वा निजको परिवारका सदस्यहरुलाई समेत निःशुल्क रगत व्यवस्था गर्ने गरी सम्झौता भएको देखियो। यस कार्यक्रम अन्तर्गत पालिकाले रु. १,३३,४०० खर्च गरेको छ। यसरी CEONE सेवा लिने महिलाहरुलाई मात्र सेवा दिनु पर्ने शिर्षकमा खर्च गरिने रकम भजनी नगरपालिकामा कार्यरत कर्मचारी तथा उनिहरुको परिवार समेतलाई सेवा दिने गरि गरिएको सम्झौता औचित्यपूर्ण मान्न सकिन्दैन। अतः पालिकाले यस्तो सम्झौता सच्याउँदै मार्गदर्शकले तोकेको वास्तविक सेवाग्राहीले सहज सेवा पाउँने सुनिश्चित गर्नु पर्दछ। | |
| १५.६ | ४३१ | २०७९-३-२० | **महिला स्वास्थ्य स्वयंसेविका बार्षिक समिक्षा बैठकः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जननसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई स्वास्थ्य कार्यक्रमहरुबारे जानकारी गराउन, प्रतिवेदन संकलन तथा आगामी कार्यक्रमहरुबारे छलफल गर्नको लागि समिक्षा गर्न पालकाले २ दिन बैठक गर्नु पर्ने व्यवस्था गरेको छ। तर पालिकाले ९ दिन कार्यक्रम सञ्चालन गरेको देखिन्छ। यसरी दुई दिन गर्नु पर्ने कार्यक्रम ९ दिन गरी गरिएको खर्च नियमसम्मत देखिदैन्। अतः यस सम्बन्धमा पालिकाले सत्यतथ्य यकिन गर्नुपर्ने अनियमित भएको रकम रु. | १५९,४०० |
| १५.७ | २४५ | २०७९-१-१२ | **हात्तिपाईले रोग निवारण कार्यक्रमः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले हात्तिपाईले रोग विरुद्धको आम औषधी सेवन (MDA) कार्यक्रम अन्तर्गत Adverse Events/ Serious Adverse Events व्यवस्थापन क्रियाकलाप अन्तर्गत हात्तिपाईले औषधी सेवन गर्नेहरुमध्ये कसैलाई प्रतिकुल असर देखिएमा प्रति असर व्यवस्थापनका लागि पुर्व तयारी स्वरुप आवश्यक औषधीहरु खरिद गर्न पालिकाले १०,००० खर्च गर्न सक्ने व्यवस्था गरिएको छ। तर पालिकाले कार्यविधि भन्दा वाहिर गएर निम्नलिखित डाक्टर तथा स्वास्थ्यकर्मीहरुलाई समेत उक्त क्रियाकलापबाट यातायात खर्च भनि भुक्तानी गरेको देखिन्छ। अतः यसरी कार्यविधि भन्दा बाहिर भुक्तानी भएको असुलउपर गर्नु पर्ने रकम रु. <br><br> नाम \| पद \| भुक्तानी भएको रकम | ८,५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>डा. सुरेश ताम्राकार</td><td>मे.अ</td><td>४२५०</td></tr>
<tr><td>अमर सिंह चौधरी</td><td>हे.अ.</td><td>२१२५</td></tr>
<tr><td>जानकी चौधरी</td><td>सिअनमी</td><td>२१२५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८,५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>उन्नत वीउ वितरण कार्यक्रमः<br><br>गुणस्तरीय बीउ विजनमा कृषकको पहुँच बृद्धि गरी बीउ बिजन आपुर्ति प्रणालीलाई सदृढ गर्ने तथा कृषकालाई प्रदान गर्ने प्रोत्साहन अनुदानलाई पारदर्शी एवम् एकद्धार प्रणाली मार्फत् व्यवस्थापन गर्ने उद्देश्यले नेपाल सरकारले उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। बीउ बिजन उत्पादन, आपुर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ को परिच्छेद-४ मा उन्नत बीउ बिजनको प्रयोगमा ५०% अनुदान कार्यक्रम सम्बन्धी व्यवस्था गरेको छ। निर्देशिका अनुसार उन्नत बीउ बिजन वितरक तथा अनुदान प्राप्त गर्न चाहने दुबै पक्षले विद्युतीय बीउ बिजन व्यवस्थापन प्रणाली (डिजिटल इनेबल्ड सीड म्यानेजमेन्ट सिस्टम- डेसिस (DESES)) प्रणालीमा आबद्ध भई खरिद तथा वितरण प्रकृया सम्पन्न गर्नु पर्ने हुन्छ। पालिकाले डेसिस प्रणाली भन्दा वाहिर रही नियमित खरिद प्रकृया बमोजिम हेमन्त एग्रोभट सेन्टर र उज्यालो बहुउद्देश्य सहकारी संस्थाबाट जम्मा रु. ३४,३०,००० को आदित्य तथा गौतम गँहुको बीउ खरिद गरि ५०% हुन आउने रु. १७,००,००० भुक्तानी गरेको देखिन्छ। पालिकाले निर्देशिकाले तय गरेको विधिभन्दा वाहिर गई गरिएको वितरण कामलाई नियमसम्मत मान्न नसकिएको रु.</td><td>१,७००,००० </td></tr>
<tr><td>१७</td><td></td><td></td><td>सशर्त अनुदान ( शिक्षा चालु)<br><br>नेपालको संविधान, शिक्षा ऐन लगायत शिक्षासँग सम्वन्धित कानून, निर्देशिका, कार्यक्रहरुले शिक्षामा नागरिकको समान पहुँचको सुनिश्चितता, शिक्षालाई बैज्ञानिक, व्यवहारिक, रोजगारमूलक तथा सीपमूलक बनाउदै सक्षम जनशक्ति तयार, शिक्षाको गुणस्तरीयतामा अभिवृद्धी लगायतका उद्देश्यहरु राख्दै माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहलाई सुम्पिएको छ। तसर्थ शिक्षा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | क्षेत्रको विकास विस्तारमा पालिकाहरुको अहम् जिम्मेवारी रहेको हुँदा उनिहरुको क्षमता विकासका लागि नेपाल सरकारले सशर्त अनुदान मार्फत शिक्षा तर्फ वित्तीय हस्तान्तरण गर्दै आएको छ। यस्तो हस्तान्तरीत रकम सम्बन्धित स्थानीय तहले शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन, पाठ्यपुस्तक तथा शिक्षण सिकाइ सामाग्री, छात्रवृत्ति, दिवा खाजा, परीक्षा सञ्चालन लगाएतका तोकिएका क्षेत्रमा तोकिएको शर्तमा रहि खर्च गर्नु पर्ने हुन्छ। यस पालिकाले आर्थिक बर्ष २०७८/०८९ मा सशर्त अनुदानमा शिक्षा तर्फ लेखिएको खर्चका सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७८/७९ तथा सम्बन्धित कार्यक्रमका कार्यविधिहरुको आधार लिई महालेखापरीक्षकको कार्यालयको बार्षिक लेखापरीक्षण योजना मुताविक खर्चको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु बुँदागत रुपमा रहेका छन्। | |
| १७.१ | | | **शिक्षक दरबन्दी र पदपुर्तिः** शिक्षा नियमावली, २०५९ अनुसूची १२ मा विद्यालयमा रहनु पर्ने शिक्षक संख्या सम्बन्धी व्यवस्था गरेको छ। शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले स्थानीय तहहरुले दरवन्दी मिलान गर्दा पुरा गर्नुपर्ने कार्यविधिका विषयहरु समेटेको छ। पालिकाले दिएको सामुदायिक विद्यालय शिक्षक विवरण अनुसार १८१ शिक्षक दरबन्दीहरु रहेकोमा ७९ शिक्षकहरु स्थायी र बाँकी १०२ शिक्षकहरुको करारद्धारा पदपुर्ति भएको छ। पालिकाले हालसम्म दरबन्दी मिलान गरेको देखिदैन। विद्यार्थि संख्या धेरै भएका केहि विद्यालयहरु दरबन्दी नै नरहेको, थोरै विद्यार्थी संख्या भएका विद्यालयहरुमा धेरै शिक्षकहरु रहेको छ भने केही विद्यालयमा विद्यार्थी संख्याका आधारमा आवश्यकता अनुसार शिक्षकको संख्या अपुग रहेको देखिन्छ। यसरी शिक्षक विद्यार्थीको अनुपात नमिल्दा शिक्षण सिकाईमा प्रभावकारीता नदेखिने, विद्यार्थीले विद्यालय छोड्ने दर बढ्ने, करार तथा अनुदानका शिक्षकको संख्या बढ्न गई पालिकालाई थप वित्तीय भार पर्ने जोखिम रहन सक्छ। अतः पालिकाले नियमावली तथा कार्यविधि बमोजिम समयमै दरबन्दी मिलान गरी शिक्षकहरुको सन्तुलित व्यस्थापनद्धारा अध्ययन अध्यापनलाई नियमित गरिनु पर्दछ। | |
| १७.२ | | | **विद्यार्थी संख्याको सत्यापनः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ। यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ। यस पालिकाले धेरै अनुदानहरुमा सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिंदा वास्तविक रुपमा नभएका तर EMIS लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७.३</td><td></td><td></td><td>शिक्षा कार्यक्रमको अनुगमन र प्रतिवेदनः अनुदान दिईएपछी त्यस अनुदानको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्नुपर्ने हुन्छ। सशर्त अनुदानमा अनुदान दिनुको निश्चित उद्देश्य रहन्छ र त्यसका लागि शर्तहरु तोकिएका हुन्छन्। शर्त बमोजिम कार्यहरु भए नभएको यकिन गर्न सशर्त अनुदानमा अनुगमनको झनै महत्व रहन्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अन्तर्गत रहेका अधिकाम्स कार्यक्रमहरुले अनुदान दिईएपछी आवधिक रुपमा अनुगमन गरि त्यसको प्रतिवेदन तयार गर्नुपर्ने साथै अनुदान प्राप्त गर्ने विद्यालयले पनि तोकिएको समयमा पालिकालाई प्रतिवेदन गर्नु पर्ने व्यवस्था गरेको छ। सूचकमा आधारित अनुगमनले कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउनुको साथै आगामी दिनहरुमा कार्यक्रम थप सुधार गर्न मद्दत पुग्ने हुन्छ। पालिकाले विद्यालयहरुलाई अनुदान दिएको तर तोकिएको समयमा गर्नु पर्ने अनुगमन र विद्यालयहरुले गर्नु पर्ने प्रतिवेदन गरेको पाईएन। अतः पालिकाले अनुगमन तथा प्रतिवेदनलाई कार्यक्रम कार्यान्वयन पुस्तिका अनुरुप सम्पन्न गर्नु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१७.४</td><td>४९६</td><td>२०७९-३-२४</td><td>कक्षा ८ को परीक्षा सञ्चालनः शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ ले कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण बापतको खर्चको व्यवस्था गरेको छ। यसका आधारमा सूर्य बहादुर सिंहको अध्यक्षतामा बसेको परीक्षा समितिको बैठको निर्णय नं १ मा मिति २०७९/१/२२ देखि २०७९/२/३ सम्म जम्मा ११ दिनको परीक्षा समितिका सदस्य Data Entry मा खटिएबापत दिनको खाना र खाजा बापत दैनिक रु. २५० व्यवस्था गर्ने निर्णय भएको देखिन्छ। तर निम्नलिखित कर्मचारीहरुले उल्लेखित निर्णय भन्दा विपरीत विहान ७ बजे देखि ९:३० सम्म र साँझ ५:३० देखि ७ बजेसम्म थप समय वसि काम गरेको र यसरी काम गर्दा विद्यार्थी संख्यालाई दरको आधार बनाई ग्रेडसिट प्रिन्ट, ग्रेड लेजर प्रिन्ट, इमिस बाट ग्रेड लेजर छाप तथा नतिजा प्रकाशन, ग्रेडसिट रुजु गरेवापत प्रति विद्यार्थी रु. १० प्रश्नपत्र प्रुफ रिडिङ प्रति विषय रु. ३,०००, ईमिस टेम्पेल्टमा इन्ट्री गरेवापत प्रति विद्यार्थी ५० दरले भत्ता लिईएको देखिन्छ। साथै थप समय काम गरेको हाजिरी समेत उपलब्ध हुन सकेको छैन्। अतः पालिकाले हाजिरी यकिन गरी परीक्षा समितिको निर्णय बमोजिम कार्यालयसमय भन्दा थप समय रहि काम गरे बापतको भुक्तानी गरि अन्य रकम असुलउपर गर्नु पर्ने रु.
<table>
<tr><th>क्रम</th><th>नाम</th><th>पद</th><th>कर कट्टी पछिको भुक्तानी</th><th>पाउनुपर्ने रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>पंख बहादुर शाह</td><td>शिक्षा अधिकृत</td><td>५६,४४०</td><td>२,७५०</td><td>५३,६९०</td></tr>
</table></td><td>१०४,८४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>देव राज अवस्थी</td><td>प्रा. स</td><td>५३,८९०</td><td>२,७५०</td><td>५१,१४०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,१०,३३०</td><td>५५००</td><td>१,०४,८३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७.५</td><td>५०४</td><td>२०७९-३-२४</td><td>विज्ञान प्रयोगशाला अनुदानः शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यान्वयन पुस्तिका २०७८/७९ को विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान क्रियाकलाप अन्तर्गत प्रति विद्यालय वार्षिक रु ६ लाख ५० हजार विद्यालय विज्ञान प्रयोगशाला वापतको अनुदान दिईने व्यवस्था रहेको छ। विगतमा यस प्रकृतिको अनुदान नपाएकका माध्यामिक विद्यालयहरुको पहिचान गरी एकमुष्ठ अनुदान दिने र सम्बन्धित विद्यालयहरुले विज्ञान प्रयोगशालाका लागि आवश्यक केमिकल लगायतका प्रयोगशालासँग सम्बन्धित सामाग्री खरिद गर्नु पर्ने हुन्छ। पालिकाले माध्यामिक तहको विद्यालयलाई नदिई श्री जनजागृती आधारभुत विद्यालयलाई अनुदान दिएको देखिन्छ। साथै, उक्त विद्यालयले विज्ञान प्रयोगशालासँग सम्बन्धित सामाग्री खरिद नगरी दराज तथा कुर्चि जस्ता फर्निचर सामाग्री खरिद गरेको पाईयो। यसरी निर्देशिका विपरित अनुदान वितरण तथा अनुदानको उद्वेश्य विपरितको खरिद नियमसम्मत नदेखिएको रकम रु.</td><td>६५०,०००</td></tr>
<tr><td>१८</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन र प्रतिवेदन गर्ने भूमिका रहेको छ। कार्यालयले धेरै संख्यामा योजना छनौट गरेको र त्यस्ता योजनाहरु पूर्वाधार एवम् अन्य विकास निर्माण प्रकृतिका नभई अनुत्पादनमुलक कार्य गराउने गरी छनौट गरेको देखिन्छ। योजनाहरुको अनुगमन तथा मुल्यांकन प्रणाली, प्रतिवेदन गर्ने कार्यपनि प्रभावकारी रुपमा सम्पन्न गरिएको देखिएन। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा कुलो मर्मत, सरसफाई, बाटोमा माटो पटानी कार्य लगायतका २६ वटा कार्यक्रमहरु सञ्चालन गरी २६७ जनालाई रोजगारी उपलव्ध गराई औषत ९५ दिन कार्य गराई रु. १,३०,९४,६५८ खर्च गरेको देखिन्छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **अनुदान** | |
| १९.१ | | | **वडातर्फबाट विद्यालयलाई अनुदानः** विद्यालय तथा शिक्षक व्यवस्थापन गर्नको लागि संघीय सरकारबाट सशर्त अनुदान, पालिकाले समानिकरण तथा अन्य कार्यक्रम राखि अनुदान उपलब्ध गराएकोमा पुनः वडा कार्यालयबाट पनि विद्यालयको शैक्षिक तथा भौतिक अनुदानका कार्यक्रम राखि अनुदान वितरण गरेको पाइयो । यस आर्थिक वर्षमा संघीय शसर्त अनुदानको रुपमा प्रति विद्यार्थी लागत आधारमा र पालिकाले एकमुष्ट प्रति विद्यार्थी अनुदानको रुपमा विद्यालय व्यवस्थापन अनुदान उपलब्ध गराएकोमा पुनः विद्यालय व्यवस्थापनका लागि वडातर्फका कार्यक्रममा वजेट विनियोजन गरि देहाय बमोजिम अनुदान उपलब्ध गराएको छ । यसरी एउटै प्रकारको अनुदानमा फरक फरक कार्यक्रम मार्फत् अनुदान उपलब्ध गराउँदा क्रियकलापमा दोहोरोपना हुने तथा पहुँचवाला विद्यालयले वढी सुविधा प्राप्त गर्ने तर अनुदान रकमको सहि सदुपयोग हुन सक्ने देखिदैन् । वडा कार्यालयबाट बजेट विनियोजन गरि विद्यालयलाई उपलब्ध गराएको अनुदान रकम रु. ३,९९,९९९ अनियमित देखिएको रु. | ३९९,९९९ |

| भौ.नं. | वडा नं. | विद्यालय | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३७५ | ४ | श्री नवज्योती आ.वि. | कार्यालय संचालन | ९९९९९ | ल्यापटप समेत |
| ४३१ | ६ | बाल उद्यान आधारभूत विद्यालय | विद्यालय व्यवस्थापन | ५०००० | विभिन्न सामाग्री |
| ४३२ | ६ | राष्ट्रिय मा.वि.महादेउली | विद्यालय व्यवस्थापन | ५०००० | विभिन्न सामाग्री |
| ५४४ | ४ | कालिका आधारभूत विद्यालय | विद्यालय व्यवस्थापन | १००००० | विभिन्न सामाग्री |
| ६१५ | ६ | सरस्वती मा.वि. | विद्यालय व्यवस्थापन | ५०००० | कार्यालय सामाग्री |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३४३</td><td>६</td><td>जनजागृति आधारभूत विद्यालय</td><td>विद्यालय व्यवस्थापन</td><td>५००००</td><td>विभिन्न सामाग्री</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३९९९९९</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९.२</td><td></td><td></td><td>
अन्य संस्थालाई भुक्तानीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट अन्य संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निःशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु. ४,३०,००० रकम भुक्तानी भएको छन् । तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित छैन् ।
<table>
<tr><th>सि. नं.</th><th>संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>हाम्रो हरियाली युवा क्लब</td><td>फुटवल प्रतियोगिता सञ्चालन</td><td>३००००</td></tr>
<tr><td>२</td><td>भजनी क्लब</td><td>फुटबल प्रशिक्षण</td><td>२०००००</td></tr>
<tr><td>३</td><td>जनता सामूदायिक पुस्तकालय स्रोत केन्द्र</td><td>कम्प्युटर खरिद तथा र्‍याक निर्माण</td><td>२०००००</td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>४,३०,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९.३</td><td></td><td></td><td>
नीजि शिक्षकको तलब भत्ताः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई आन्तरिक आय शीर्षकबाट ८२ जना नीजि शिक्षकलाई ४ महिनाको लागि मात्र
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रु. ५६,६४,००० तलब भुक्तान गरेको पाइयो । तसर्थ, दरबन्दी भित्र नपरेका शिक्षकहरुलाई पालिकाले दरबन्दी मिलान गरी यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>चालुतर्फ</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>प्रयोजन विहिन खर्चः कार्यलयले निम्न खर्चहरुको प्रयोजन, कार्यक्रम,कार्यविधी सहभागिता तथा खर्च पुष्ट्याई हुने यथेष्ठ प्रमाण संलग्न नगरी भुक्तानी दिएको छ । यसरी प्रयोजन विहिन खर्च गरेको रकम रु. ३,२४,००० नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>खर्च रकम रु.</th></tr>
<tr><td colspan="3">नगरपालिका चालु</td></tr>
<tr><td>१०४६।०७८।१२।१७</td><td>अनुगमन प्रयोजनार्थ भनी हरिप्रसाद देवकोटाले ३० दिन प्रयोग गरेको सवारी भाडाको लागि अनुगमन प्रतिवेदन पेश गरेको पाइएन ।</td><td>१९५०००</td></tr>
<tr><td>१२३८।०७९।२।६</td><td>अनुगमन प्रयोजनार्थ भनी हरिप्रसाद देवकोटाले १५ दिन प्रयोग गरेको सवारी भाडाको लागि अनुगमन प्रतिवेदन पेश गरेको पाइएन ।</td><td>९००००</td></tr>
<tr><td colspan="3">कृषि चालु</td></tr>
<tr><td>१७।०७९।२।६</td><td>अनुगमन प्रयोजनार्थ भनी हरिप्रसाद देवकोटाले ६ दिन प्रयोग गरेको सवारी भाडाको लागि अनुगमन प्रतिवेदन पेश गरेको पाइएन ।</td><td>३९०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३,२४,०००</td></tr>
</table></td><td>३२४,०००</td></tr>
<tr><td>२०.२</td><td>९३१</td><td>२०७८-१२-३</td><td>कृषितर्फ नगरपालिका चालुः कृषि कार्यक्रमको लागि कृषकहरुलाई मौसमी तथा बेमौसमी तरकारीको बिउ वितरणको लागि पालिकाले रु. १,९८,००० अनुदान भुक्तानी दिने शर्तअनुसार तरकारीको बिउ ब्राइट भिजन एजुकेशन एण्ड टेक्निकल इन्स्टिच्युट प्रा.लि.बाट खरिद</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेकोमा उक्त संस्थाले लागत अनुमान यकीन नभएको, पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेको र कृषक छनौटको आधार स्पष्ट नभएको उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन ।</td><td></td></tr>
<tr><td>२०.३</td><td>१५६३</td><td>२०७९-३-२४</td><td>कृषितर्फ नगरपालिका चालु: कृषि कार्यक्रमको लागि कृषकहरुलाई तरकारीको बिउ वितरणको लागि पालिकाले रु. २,४९,९६० अनुदान भुक्तानी दिने शर्तअनुसार खरिद गरेकोमा उक्त कार्यक्रमको लागत अनुमानको आधार नभएको, पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेको र कृषक छनौटको आधार स्पष्ट नभएको उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन ।</td><td></td></tr>
<tr><td>२०.४</td><td></td><td></td><td>सवारी शुल्कमा जरिवाना: पालिकाले समयमा नै कार्यालयमा रहेका सवारी साधन नविकरणको लागि कार्य गर्न नसक्दा यस आर्थिक वर्षमा पालिकालाई देहाय बमोजिम सवारी नविकरणमा जरिवाना लागेको छ । जसबाट पालिकालाई रु. ७३५० थप व्ययभार परेको देखिन्छ । समयभित्रै सवारी साधन नविकरण नगरी जरिवाना बापतको रकम रु. ७३५० नियमसम्मत मान्न नसकिएको रु.
<table>
<tr><td>सवारी साधन नं.</td><td>किसिम</td><td>जरिवाना रकम रु.</td></tr>
<tr><td>से-१- ब-९८५</td><td>नविकरण</td><td>१२५०</td></tr>
<tr><td>से-१-झ-२४२</td><td>नविकरण</td><td>१३००</td></tr>
<tr><td>से-१-ब-५६८</td><td>नविकरण</td><td>५५०</td></tr>
<tr><td>से-१-ब-९९०</td><td>नविकरण</td><td>१२५०</td></tr>
<tr><td>से-१-ग-१३५</td><td>नविकरण</td><td>३०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७,३५०</td></tr>
</table></td><td>७,३५०</td></tr>
<tr><td>२०.५</td><td></td><td></td><td>सफ्टवेयर खरिदः- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहाय बमोजिम रु. ८,२२,५५६ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्तो खर्च विभागको स्वीकृति लिई मात्र गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>प्रयोजन</th><th>रकम रु.</th></tr>
<tr><td colspan="4">नगरपालिका चालु</td></tr>
<tr><td>५३९।०७८।९।१८</td><td>गभर्नेन्स अटोमेशन सोलुशन प्रा.लि.</td><td>तलब हिसाब खाता व्यवस्थापन प्रणाली</td><td>३३९०००</td></tr>
<tr><td>२३६।०७८।७।१५</td><td>शांग्रिला इन्फरमेटिक्स प्रा.लि.</td><td>वडा कार्यालयमा आय लेखा र एकीकृत सम्पत्ति कर सम्बन्धि</td><td>१५९५५६</td></tr>
<tr><td colspan="4">महिला, बालवालिका तथा समाज कल्याण चालु</td></tr>
<tr><td>३४।०७९।३।२४</td><td>सिलिकोन केयर बोर्डनेट प्रा.लि.</td><td>अपाङ्गता परिचयपत्र बनाउने सफ्टवेयर</td><td>३२४०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८,२२,५५६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.६</td><td></td><td></td><td>
प्रशिक्षक भत्ताः अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य संचालन निर्देशिका, २०७७ को आठौं संस्करणको बुँदा नं. ७.१.१५ अनुसार नगरपालिका स्तरमा सञ्चालन हुने सहायक स्तरको तालिम तथा प्रशिक्षण कार्यक्रममा प्रशिक्षक भत्ता रु.१५००.० (कार्यपत्र सहित) तथा अधिकृतस्तरको रु. १६०० (कार्यपत्र सहित) उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले उक्त निर्देशिका विपरित तथा कुनै आधार वेगर आफ्नै नगर दररेट निर्धारण गरि अधिकृत स्तरको प्रशिक्षकको लागि प्रतिशेसन रु. २०००.० र सहायक स्तरको प्रशिक्षकको लागि रु. १५००.० दररेट कायम गरि सोही अनुसार प्रशिक्षक भत्ता भुक्तानी गरेको छ । नमुनाको रुपमा केहि तालिम कार्यक्रम परिक्षण गर्दा देहाय बमोजिम प्रशिक्षक भत्ता रु. ४०,६३० भुक्तानी भएको देखिन्छ। उक्त भत्ता असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.</th><th>कक्षा संख्या</th><th>दर प्रति कक्षा</th><th>जम्मा</th><th>निर्देशिका भन्दा बढी</th><th>विवरण</th><th>कैफियत</th></tr>
<tr><td colspan="7">पशु चालु</td></tr>
</table>
</td><td>४०,६३०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="3">१४</td><td>१५</td><td>२०००</td><td>३००००</td><td>१२७५०</td><td>हरिलाल जैसी</td><td rowspan="3">कृषि व्यवसायकि तालिम</td></tr>
<tr><td>१५</td><td>१५००</td><td>२२५००</td><td>१०२००</td><td>त्रिलोकनाथ चौधरी</td></tr>
<tr><td>६</td><td>१५००</td><td>९०००</td><td>४०८०</td><td>रमेशराज रेग्मी</td></tr>
<tr><td colspan="7">महिला, बालबालिका तथा समाज कल्याण चालु</td></tr>
<tr><td>२७</td><td>२०</td><td>१६००</td><td>३२०००</td><td>१३६००</td><td>लाल बहादुर साउद</td><td>लेखा सम्बन्धी तालीम</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४०६३०</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.७</td><td></td><td></td><td>गरिब, विपन्न र असहायलाई स्वास्थ्य बीमा कार्यक्रमः पालिकाले बिभिन्न वडाहरुको अति गरिब, विपन्न असहायलाई स्वास्थ्य बीमा कार्यक्रमको लागि वडाको सिफारिसबाट देहाय बमोजिमको भुक्तानी गरेकोमा स्वास्थ्य बीमा बापत दाखिला कट्टि गरेको सक्कल बील पेश भएको पाइएन । अतः रु. ३,६७,५०० कट्टि गरेको सक्कल बील पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>संख्या</th><th>खर्च रु.</th></tr>
<tr><td colspan="4">स्वास्थ्य चालु</td></tr>
<tr><td>५०।०७८।१०।२३</td><td>वडा नं. ५</td><td>१५ जना रु. ३५०० को दरले</td><td>५२५००</td></tr>
<tr><td>५५।०७८।१२।९</td><td>वडा नं. ८</td><td>१५ जना रु. ३५०० को दरले</td><td>५२५००</td></tr>
<tr><td>५६।०७८।१२।९</td><td>वडा नं. ४</td><td>१५ जना रु. ३५०० को दरले</td><td>५२५००</td></tr>
<tr><td>६०।०७८।१२।१३</td><td>वडा नं. ९</td><td>१५ जना रु. ३५०० को दरले</td><td>५२५००</td></tr>
</table>
</td><td>३६७,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>६१।०७८।१२।१५</td><td>वडा नं. ६</td><td>१५ जना रु. ३५०० को दरले</td><td>५२५००</td></tr>
<tr><td>६२।०७८।१२।२९</td><td>वडा नं. ३</td><td>१५ जना रु. ३५०० को दरले</td><td>५२५००</td></tr>
<tr><td>६७।०७८।१२।३०</td><td>वडा नं. ७</td><td>१५ जना रु. ३५०० को दरले</td><td>५२५००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३,६७,५००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.८</td><td>१६२६</td><td>२०७९-३-२५</td><td>बहाल करः आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार सवारी साधनलाई ढुवानीमा १० प्रतिशतको दरले बहाल कर लाग्ने व्यवस्था छ । कार्यालयले देहायका भुक्तानीमा नियमानुसार लाग्ने बहाल कर कट्टी गरेको नदेखिएकाले सम्बन्धितबाट रु. ५,७०० असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>सेफ हाउसको घेरावार तथा मर्मत उ.स.</td><td>५७०००</td><td>१०</td><td>५७००</td></tr>
</table></td><td>५,७००</td></tr>
<tr><td>२०.९</td><td>३१</td><td>२०७९-३-१६</td><td>विविध कोषः पालिकाले देहाय बमोजिमको कोषमा रु. ४,००,००० रकम जम्मा गरेकोमा सो को खर्च सहितको पुष्टयाई पेश नभएकोले खर्च सहितको प्रमाण पेश गर्नुपर्ने अन्यथा रकम सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.
<table>
<tr><th>कोषको नाम</th><th>दाखिला रु.</th><th>कैफियत</th></tr>
<tr><td colspan="3">महिला, बालबालिका तथा समाजकल्याण चालु</td></tr>
<tr><td>उपमेयर महिला सुरक्षा कोष</td><td>२,००,०००</td><td></td></tr>
<tr><td>लैङ्गिक हिंसा निवारण कोष</td><td>२,००,०००</td><td></td></tr>
</table></td><td>४००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | |
|---|---|---|
| जम्मा | ४,००,००० | |

</td><td></td></tr>
<tr><td>२०.१०</td><td></td><td></td><td>

**विदाई सम्मानः** पालिकाका महिला स्वयं सेविकाहरु ६० वर्ष पुगि अवकाश दिएकोमा निजहरुको सम्मान गरी विदाई गरेकोमा देहाय बमोजिम रु. १,५०,००० कार्यविधि बेगर खर्च गरेको पाइयो । यस्तो खर्च कार्यविधि बनाई खर्च गर्नु पर्दछ ।

| **भौ.नं.र मिति** | **विवरण** | **खर्च रु.** | **कैफियत** |
|---|---|---|---|
| **स्वास्थ्य चालु** | | | |
| ६।०७८।६।२२ | खुरभुषण डगौरा | ५०,००० | पालिकाको कार्यविधि तथा कार्यपालिकाको निर्णय पेश हुनुपर्ने । |
| २६।०७८।८।१९ | सेतु थापा | ५०,००० | |
| २७।०७८।८।१९ | रामरती लोनिया | ५०,००० | |
| जम्मा | | १,५०,००० | |

</td><td></td></tr>
<tr><td>२०.११</td><td></td><td></td><td>

**अनुगमन भत्ताः**- पालिकाको पदाधिकालाई सुविधा उपलब्ध गराउदा सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (ख) मा व्यवस्था भएअनुसार मात्र सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । त्यस्तै कर्मचारीलाई पनि कार्यालयको कामको सिलसिला कार्यालय बाहिर जानु परेमा भ्रमण आदेश स्वीकृत गरि जानु पर्ने र सोहि अनुसार भ्रमण भत्ता उपलब्ध गराउनु पर्दछ । पालिकाले ऐनमा व्यवस्था पनि नभएको तथा सबैलाई कार्यक्रम अनुगमन गरेको भनि अनुगमन भत्ता वापत रु. ८,४३,५०० भुक्तानी गरेको छ । ऐनमा भएको व्यवस्था विपरित भुक्तानी भएको अनुगमन भत्तालाई नियमसम्मत मान्न नसकिएको रु.

| भौ नं. | कार्यक्रम | कार्यक्रम गर्ने | भुक्तानी लिने | रकम रु. |
|---|---|---|---|---|
| नगरपालिका चालु | | | | |

</td><td>८४३,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५२।०७८।५।३०</td><td>योजना अनुगमन समिति</td><td></td><td>पालिकाका बिभिन्न ३१ जना कर्मचारी तथा पदाधिकारीहरु २५ दिनसम्मको</td><td>४२७५००</td></tr>
<tr><td>५३१।०७८।९।१६</td><td>दशैं मिलन कार्यक्रम</td><td>राजकुमार चौधरी</td><td>पालिकाका पदाधिकारी</td><td>१२५००</td></tr>
<tr><td>७२६।०७८।१०।२५</td><td>योजना अनुगमन समिति</td><td></td><td>पालिकाका बिभिन्न २७ जना पदाधिकारीहरु १८ दिनसम्मको</td><td>२६२५००</td></tr>
<tr><td>७५३।०७८।११।२</td><td>वडा नं. २ का योजना अनुगमन</td><td>देवराज चौधरी</td><td>वडा नं. २ का ८ जना पदाधिकारीहरु ८ दिनको</td><td>९६०००</td></tr>
<tr><td colspan="5">शिक्षा चालु</td></tr>
<tr><td>२४।०७९।३।७</td><td>शैक्षिक अनुगमन</td><td>पंख बहादुर शाह</td><td>पालिकाका बिभिन्न ८ जना कर्मचारीहरु ८ दिनसम्मको</td><td>४५०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>८,४३,५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.१२</td><td></td><td></td><td>सम्झौता पत्र भन्दा बढी सुविधा भुक्तानीः करार कार्यविधि निर्देशिका अनुसार करारको कर्मचारीलाई निर्णय वा करार सम्झौतामा तोकिएको सेवा सुविधा भन्दा बढी सुविधा भुक्तानी गर्न मिल्दैंन् । यसरी पालिकामा कार्यरत देहाय बमोजिमका करार कर्मचारीलाई सम्झौता पत्रमा</td><td>२४,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उल्लेख गरेको भन्दा सम्झौता पत्र अद्यावधिक नगरी रु. २४,००० भुक्तानी गरेकोमा सम्झौता पत्र भन्दा बढी भुक्तानी गरेको रकम सम्बन्धित अन्यथा जिम्मेवार पदाधिकारीबाट असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>मासिक बढी भुक्तानी दर रु.</th><th>जम्मा महिना</th><th>जम्मा बढी भुक्तानी रु.</th></tr>
<tr><td>१</td><td>डा. सुवास स्वार (अधिकृत आठौं)</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.१३</td><td></td><td></td><td>बील बेगर भुक्तानीः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानी गर्दा खर्चका बील भरपाई, प्रमाण तथा अन्य कागजात समेत नराखी भुक्तानी दिएको रकम रु. ६६,८०० असूल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र. सं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>खर्च रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>१६०१।०७९।३। २५</td><td>स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिको बैठक</td><td>३४८००</td><td>खर्चको बील पेश गर्नुपर्ने ।</td></tr>
<tr><td>२</td><td>१६०३।०७९।३। २५</td><td>स्थानीय रसायनिक मल वितरण व्यवस्थापन समितिको बैठक</td><td>३२०००</td><td>खर्चको बील पेश गर्नुपर्ने ।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६६,८००</td><td></td></tr>
</table></td><td>६६,८००</td></tr>
<tr><td>२०.१४</td><td></td><td></td><td>कोरोना किरिया खर्चः कोभिडको कारणले पालिकाका व्यक्तिहरुको मृत्यु भएपछि नगरकार्यपालिकाले जनही रु. १०,००० को दरले प्रमाण पेश गरी भुक्तानी लिन सक्ने निर्णय गरेको पाइयो । सो अनुसार कोभिडको कारणले मृत्यु भएको प्रयाप्त आधार र प्रमाण बेगर देहाय बमोजिम भुक्तानी लिएको रु. २०,००० देखिएकोमा प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>खर्च रु.</th><th>कैफियत</th></tr>
</table></td><td>२०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="4">कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष</td></tr>
<tr><td>१०।०७८।१०।२७</td><td>हरिप्रसाद चौधरी</td><td>१००००</td><td rowspan="2">कोरोनाको कारण मृत्यु भएको यकीन आधार पेश भएको पाइएन ।</td></tr>
<tr><td>२६।०७९।१।६</td><td>जानकी देवी चौधरी</td><td>१००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२०,०००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.१५</td><td></td><td></td><td>लागत अनुमान नभएकोः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ (१) बमोजिम रु. १ लाख वा सो भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिम खरिद गरे बापत रु. १,००,००० भुक्तानी गरेकोमा सोको लागत अनुमान तयार पारेको छैन् । तसर्थ, लागत अनुमान बिना भुक्तानी भएको लागत यकीन गर्न सकिएन । उक्त डोकुमेन्ट्री सम्पत्तिको रुपमा अभिलेखाङ्कन समेत गरेको पाइएन ।
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td colspan="4">स्वास्थ्य चालु</td></tr>
<tr><td>१</td><td>५७।०७८।१२।९</td><td>मानसिक रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रमको डोकुमेन्ट्री निर्माण (भजनी जालपा मिडिया प्रा.लि.)</td><td>१०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.१६</td><td></td><td></td><td>डी.पी.आर. खर्चः — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>नगरपालिका भित्रका सम्पूर्ण वडामा कन्ट्रोल पोइन्ट स्थापना गर्ने ।</td><td>सुप्रिम इन्जिनियरिङ्ग एण्ड डिजाइन सोलुशन प्रा.लि.</td><td>१४,००,०००</td><td>१३,२०,२६८</td></tr>
</table>
<tr><td>२३.१२</td><td></td><td></td><td>ईटामा मु. अ. कर बिजक बेगर भुक्तानीः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू १,६०,३९०।००. नियमसंगत देखिएन । अतः पालिका कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी सघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.</td><td>१६०,३९०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| भौचर नं. | उपभोक्ता समितीको नाम | कामको बिवरण | मु.अ. कर भुक्तानी रकम | बिजक पेश भएको रकम | बिजक पेश नभएको मु अ कर | शिर्षक |
|---|---|---|---|---|---|---|
| ३२।२०७८।९।२८ | खैलाड खिष्टी चर्चको अधुरो भवन निर्माण उ.स | १३४८४ | २३१२९ | १७५५० | ५५७९ | न.प.पु जिगत |
| ४४।२०७८।१०।२७ | कार्यालय तथा शहरी स्वास्थ्य पर्खाल नि.उ.स | ३७१४१ | ६३७०८ | ४५५०० | १८२०८ | |
| ७६।२०७८।११।२६ | सोनपाल आ.बि.अधुरो पर्खाल नि.उ.स | १४३१० | २२३०८ | १८६०३ | ३७०५ | |
| ९२।२०७८।१२।०९ | मुक्त कमैयाको २ कोठे भवन नवर्माण उ.स | ८१४२ | ३५७१ | ० | ३५७१ | |
| १७२।२०७९।२।३१ | भजनी नगरपालिका घेरावार निर्माण उ.स | ५५५५८३ | ९५३८० | ६२४०० | ३२९८० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१७६।२०७९।३।२</td><td>दक्षिणखैरामा महिला भवन निर्माण उ.स</td><td>८०००</td><td>१३९७४</td><td>१०४००</td><td>३५७४</td><td></td></tr>
<tr><td>३८।२०९७।३।२४</td><td>राष्ट्रिय मा.बि.पल्टुपुर भवन निर्माण उ.स</td><td>२५०२६</td><td>४२७९४</td><td>३४२३०</td><td>८६५४</td><td>सशर्त पुजिगत</td></tr>
<tr><td>४२।२०७९।३।२४</td><td>महाक्त्तीश्र्वरुपमा मन्दिर नि.उ.स भजनी</td><td>५५३८५</td><td>९४७०८</td><td>७१५००</td><td>२३२००</td><td></td></tr>
<tr><td>४४।२०७९।३।२४</td><td>सरस्वतीमा.बि.८न.६नवलपुर</td><td>१५५२९</td><td>२६५५४</td><td>२०२१८</td><td>६३३६</td><td></td></tr>
<tr><td>३।२०७९।३।१२</td><td>अनुग्रहमण्डली भवनमर्मत सम्भार तथा पर्खाल नि.उ.स</td><td>१८६७१</td><td>३१९२८</td><td>१६४१७</td><td>१२५१०</td><td>प्रदेश पुजिगत</td></tr>
<tr><td>७।२०७९।३।१२</td><td>राष्टिय मण्डलीको पक्कीपर्खाल निर्माण उ.स.</td><td>१४४८४</td><td>२४७६९</td><td>१८२९२</td><td>५९३९</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९।२०७९।३।१२</td><td>लक्ष्मीसामुदायिक वन उ.स भवन निर्माण</td><td>८१७२</td><td>१३९४४</td><td>१०६२४</td><td>३३४९</td><td></td></tr>
<tr><td>१०।२०७९।३।१२</td><td>मंगरसंघको अधुरो भवन नि.उ.स</td><td>९९९०</td><td>१७०८३</td><td>१२९८७</td><td>४०९६</td><td></td></tr>
<tr><td>१३।२०७९।३।१३</td><td>सरस्वती मा.बि. पर्खाल नि.उ.स</td><td>२३८२३</td><td>४०७३८</td><td>३०९७०</td><td>९७६७</td><td>प्रदेश पुजिगत</td></tr>
<tr><td>१४।२०७९।३।१३</td><td>ग्सेश्वर आ.बि.को भवन मर्मत उ.स</td><td>१०७४८</td><td>१८३८०</td><td>१३९७२</td><td>४४०७</td><td></td></tr>
<tr><td>१७।२०७९।३।१९</td><td>न्युवाइज युवा क्लबको भवन निर्मण उ.स.</td><td>१४८८७</td><td>२५४५७</td><td>१९३५३</td><td>६१०३</td><td></td></tr>
<tr><td>४।२०७९।३।२५</td><td>महेन्द्र मा.बि. भवन नि.उ.स</td><td>१२५५५</td><td>२१४६९</td><td>१३०५७</td><td>८४१२</td><td>जि.स.स</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१,६०.३९०</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr></table></td><td></td></tr>
<tr><td>२३.१३</td><td></td><td></td><td>नापी कितावः- निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी किताबको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी किताबको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ। यस पालिका कार्यालयद्वारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ। लेखापरिक्षणको क्रममा गत आर्थिक बर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२३.१४</td><td></td><td></td><td>वितरण भरपाई नभएकोः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । देहाय अनुसारको कार्यक्रममा वितरण गरेको भरपाई पेश नभएको रु ६२३०८२।०० को भरपाई पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>भौचर न.</td><td>कामको ब्यहोरा</td><td>पार्टीको नाम</td><td>परिमाण</td><td>रकम</td></tr>
<tr><td>१३६।२०७९।१।१४</td><td>महिला स्वयमसेबिका लाई साईकल खरिद</td><td>अनु एण्ड संगिता टेड्र्स</td><td>३५</td><td>३,००,६९३</td></tr>
<tr><td>१६३।२०७९।२।१६</td><td>गाउका मुल मन्सा तथा सुचना बहाकलाई साईकल बितरण</td><td>गोर्खा साइकल सप्लार्स</td><td>३७</td><td>३,२२,३८९</td></tr>
</table></td><td>६२३,०८२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td></td><td>६,२३,०८२</td></tr></table></td><td></td></tr>
<tr><td>२३.१५</td><td></td><td></td><td>प्राकृतिक बस्तुको निकासी शुल्क दस्तुरः स्थानिय सरकार संचालन २०७४ को दफा ११(घ)६मा ढुङ्गा,गिट्टी वालुवा,माटो ,काठ दाउरा,जराजुरी,स्लेट,खरी ढुङ्गा आदी प्राकृतिक बस्तुको बिक्री तथा निकासी दस्तुर स्थानिय तहले संकलन गर्ने ब्यवस्था छ । यस कार्यालयले योजना कार्यान्वयन गर्दा सामुदायिक वनले माटो बिक्री गरी रोयल्टी लिन गरेको देखिन्छ । यसरी ऐनमा भएको ब्यवस्था बिपरीत रोयल्टीका आधारमा सामुदायिक वनले माटो बिक्री गरेको नियमसंगत नदेखिएका केही उदाहरण निम्न छन । अत सामुदायिक वनले माटो बिक्री गरी असुल गरेको दस्तुर नगरपालिका कोषमा दाखिला गर्नु पर्ने देखिएको रू<br>
<table>
<tr><th>भौचर न</th><th>योजनाको नाम</th><th>सामुदायिक वनको नाम</th><th>माटो परीमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>६।२०७९।३।१२</td><td>मोतिराम चौधरीको घर देखि जंगबहादुर को घर हुदै बाटो ग्राबेल</td><td>सयपत्री सामुदायिक वन उ.स</td><td>३५०० घ.मी</td><td>४२।८५</td><td>१,५०,०००</td></tr>
<tr><td>१२।२०७९।३।१३</td><td>गौरीतिवारीको घरदेखि रामकिसुनको घरहुदै सेति लोकमार्ग नि.उ.स.</td><td>सयपत्री सामुदायिक वन उ.स</td><td>४८००घ.मी</td><td>४१।६६</td><td>२,००,०००</td></tr>
<tr><td>१६।२०७९ ३।१३</td><td>प्रदेशीचौधरीको घरदेखि उतरवरहरीयाको</td><td>वनदेबि सामुदायिक वन</td><td>१४०घ.मी</td><td>१००</td><td>१४,०००</td></tr>
</table></td><td>४४४,३००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>सिमा सम्म सडक निर्माण</td><td>उपभोक्ता समुह्</td><td></td><td></td><td></td></tr>
<tr><td>१९।२०७९।३।१७</td><td>हुलाकी सडकदेखि दक्षीण ठेकी गाउहुदै कर्नया सडक निर्माण</td><td>राधाकृष्ण सामुदायिक वन उ.स.</td><td>३३६घ.मी</td><td>१००</td><td>३३,६००</td></tr>
<tr><td>११८।२०७८ १२।२९</td><td>छोटैलालको घर देखि रंगशाला सम्म बाटो नि.उ.स</td><td>राधाकृष्ण सामुदायिक वन उ.स.</td><td>१७६घ.मी</td><td>१००</td><td>१७,६००</td></tr>
<tr><td>२००।२०७९।३।११</td><td>गौरीनाला देखि बिष्णुपुर कालोपत्रे सडक सम्म ग्राबेल</td><td>राधाकृष्ण सामुदायिक वन उ.स.</td><td>३२० घ.मी</td><td>१००</td><td>३२,०००</td></tr>
<tr><td>२२७।२०७९ ३।२२</td><td>वनगाउदेखि १५ न दशगजासम्म चेक डयाम</td><td>सरस्वतीसामुदायि वन उपभोक्ता समुह</td><td>१४७ घ.मी</td><td>१००</td><td>१४,७००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९४१९</td><td></td><td>४,६१,९००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.१६ | | | **सार्वजनिक जग्गामा भवन निर्माणः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा २७ मा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ भने दफा ९७ मा गाउपालिका तथा नगरपालिका आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको संरक्षण गर्ने जिम्मेवारी स्थानिय तहको रहेने व्यवस्था छ । यस नगरपालिका कार्यालयले उक्त उल्लेखित व्यवस्था बिपरित सरकारी सार्वजनिक जग्गाको संरक्षण नगरी सार्वजनिक जग्गामा लालपुर्जा र नक्शा पास नगरी बिभिन्न संघ संस्था क्लब सहकारीका भवन निर्माणको लागी खर्च गरी भुक्तानी दिएको रकम नियमसंगत देखिएन ।अत नगरपालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गरी स्थानिय सरकार संचालनको भावना र मर्म अनुसार भवन निर्माण गर्नु पर्दछ ।केही उदाहरण निम्न छन | |

| सि.न | योजनाको नाम | भुक्तानी रकम | |
|---|---|---|---|
| १ | शहिद स्मृति अधुरो भवन निर्माण | ८.८७,१९० | |
| २ | श्री युवा क्लबको भवन निर्माण | १०,५९,३२१ | |
| ३ | युवा मिलन क्लबको भवन निर्माण | ४,७५,४४९ | |
| ४ | पशुपति युवा क्लबको भवन निर्माण | ४,८०,९६० | |
| ५ | न्यु वाइज युवा क्लबको भवन निर्माण | ९,५१,४६५ | |
| ६ | मगरसंघको अधुरो भवन निर्माण | ४,८४,१४८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ७ \| अनुग्रह मण्डली भवन मर्मत \| ९,६२,८८० \|<br>८ \| लक्ष्मी सामुदायिक वन उपभोक्ता समुह \| ४,८०,४२० \| | |
| २३.१७ | | | **अधुरा उपभोक्ताका योजनाः** कार्यालयले आर्थिक बर्ष २०७८।७९ मा बिनियोजित बजेट अनुसार लागत अनुमान तयार गरी उपभोक्ता समिती संग सम्झोता गरी सोही आधारमा कार्य सम्पन्न प्रतिबेदन तयार गरी रकम भुक्तानी दिएको तर कार्य अधुरो नै रहेको देखिन्छ। यसरी सम्झौता गरी बजेट अनुसार कार्य नसकिने गरी नगरपालिकाले बजेट बिनियोजन गर्ने परीपाटीले गर्दा कार्यले पुर्णता नपाउने र बजेट अनावश्यक खर्च हने देखिएकोले नगरपालिका कार्यालय एक आर्थिक बर्ष भित्र कार्य सम्पन्न हुन योजनाको लागी बजेट बिनियोजन गरी खर्च गर्नतर्फ ध्यान दिनु पर्दछ ।यस सम्बन्धमा देखिएका केही उदाहरण यस प्रकार छन। | |

| सि न | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | मगरसघको अधुरो भवन निर्माण, | ४,८०३३७ |
| २ | खोदाउपुरमा पक्की नाला निर्माण, | ८,,५१,८७० |
| ३ | धर्मेन्द्रको घरदेखि दक्षिण निमको रूख सम्म कालोपत्रे, | ७,२६,०६१ |
| ४ | भजनी नगरपालिका कम्पाउण्ड वाल निर्माण | १५,९५,९१३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>५</td><td>वनगाउदेखि १५ न दश गजा सम्म चेक डयाम</td><td>४,७७,५४४</td></tr></table> | |
| २३.१८ | | | **हाते बिल भरपाईः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयबाट उपभोक्ता समितिदारा निमार्ण तथा खरिद कार्यको लागी बिभिन्न समानको बिल भरपाईको भुक्तानी दिदा प्राबिधिक मुल्याङकनलाई आधार नलिई उपभोक्ताकाले पेश गरेको बिल भरपाईको आधारमा भुक्तानी दिएको देखिन्छ यसरी प्राबिधिकले मुल्याङकंन गरी पेश गरेको बिलको आधारमा उपभोक्ता समितिबाट बिल भरपाई नलिई प्रयोग हुने एउटा मात्र समानको बिल धेरै पेश गरेको आधारमा भुक्तानी भएको कारण कार्यालयदारा निर्माण भएका काम वास्तबिक हुन भन्न सकिने आधार देखिएन र साथै जसले गर्दा समान ढुवानी कति रकम बराबर भएको हो एकिन गर्री ढुवानी कर समेत असुल गर्न सक्ने आधार देखिएन । अतः कार्यालयले निर्माण कार्यमा प्रयोग भएका वास्तबिक बिल भरपाई मात्र भुक्तानी भौचरसंग राख्ने तर्फ ध्यान दिनु पर्दछ । यस्ता केही उदाहरण निम्म छन ।<br><table><tr><td>सि. न.</td><td>कार्यक्रमको नाम</td><td>योजनाको नाम</td><td>समानको नाम</td><td>पेश भएको बिल रकम</td><td>कैफियत</td></tr><tr><td>१</td><td>गा.पा. पुजिगत</td><td>चकुलिया स्कुलदेखि राजकुमारको घरसम्म ग्राबेल उ.स</td><td>ग्राबेल ढुवानी</td><td>३१६०००</td><td>लिखितम भरपाई</td></tr><tr><td>२</td><td></td><td>राजि बस्ती वडा न९ माटो पटानी ग्राबेल उ.स</td><td>ग्राबेल ढुवानी</td><td>४२६९०२</td><td>लिखितम भरपाई</td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td></td><td>गौडाचोक खैरादेखि झरनैया सडक ग्राबेल उ.स</td><td>ग्राबेल ढुवानी</td><td>३१९४२१</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>४</td><td></td><td>शिवआधारभुतदेखि राजारामको घरसम्म बाटो ग्राबेल उ.स</td><td>ग्राबेल ढुवानी</td><td>२४५०००</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>५</td><td></td><td>वनगाउदेखि १५ न दशगजा सम्म चेक टयाम नि.उ.स.</td><td>ग्राबेल ढुवानी</td><td>२५५०००</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>६</td><td></td><td>महाक्त्तीश्र्वरुपमा मन्दिर नि.उ.स भजनी</td><td>वालुवा लगाएत अन्य</td><td>४६८०००</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>७</td><td></td><td>मोतिराम चौधरीको घरदेखि जंग बहादुरको घरहुदै सडक ग्राबेल नि.उ.स</td><td>सडक निर्माण</td><td>५००७००</td><td></td></tr>
<tr><td>८</td><td>·</td><td>गौरीतिवारीको घरदेखि रामकिसुनको घरहुदै सेति लोकमार्ग नि.उ.स.</td><td>सडक निर्माण</td><td>७०७४५१</td><td></td></tr>
<tr><td></td><td></td><td>हुलाकी सडकदेखि दक्षीण ठेकी गाउहुदै कर्नया सडक निर्माण उ.स.</td><td></td><td>३८२९९६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>सोझै खरिद</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४.१ | | | **कोटेशनको कार्य:** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७८।७९ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्वारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ० प्रतिशत देखि २.१६ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब १५ देखि ४० प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनदारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन । | |

| गो.भौ. न | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| ४१।२०७८।१०।११ | मेशिनरी तथा औजार खरिद | ४९०९८५ | ४९०९८५ | ०।०० |
| १५५।२०७९।२।११ | हयुमपाईप खरिद | ४६५९३८ | ४६१२६६ | १।०० |
| २६५।२०७९।३।२५ | फनिचर्स तथा फक्चर्स खरिद | ६७२५४८ | ६७१५५२ | ०।१४ |
| २६९।२०७९।३।२५ | मर्मत तथा सम्भार | ३९६६६३ | ३९२४८४ | १।०५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१५।२०७९।३।१५</td><td>वडा न.६ हयुमपाईप खरिद</td><td>४८८३१३</td><td>४७७७६४</td><td>२।१६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>
सोझै खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १(ख)मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ती,फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ । यस पालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक टुक्रा गरी र बिभिन्न पार्टीबाट पटक पटक खरिद गर्ने गरेका केही उदाहरण निम्न छन । यसरी कानुनमा भएको ब्यवस्था पालना नगरी एउटै प्रकृतिका समान पटक पटक र बिभिन्न पार्टीसंग खरिद गरेको नियमसंगत भन्न सकिएन । अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ ।केही उदाहरण निम्न छन ।
<table>
<tr><th>भौचर नं.</th><th>योजनाको नाम</th><th>पार्टीको नाम</th><th>रकम</th></tr>
<tr><td>४१।२०७८।१०।११</td><td>मेशिनरी तथा औजार खरिद</td><td>आयुष कम्प्युटर सप्लार्स</td><td>४९०९८५</td></tr>
<tr><td>१५५।२०७९।२।११</td><td>हयुमपाईप खरिद</td><td>दिप अडर एण्ड सप्लार्स</td><td>४६१२६६</td></tr>
<tr><td>२६५।२०७९।३।२५</td><td>फनिचर्स तथा फक्चर्स खरिद</td><td>जानकी फिनिसिङ्ग</td><td>६७१५५२</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२६९।२०७९।३।२५</td><td>मर्मत तथा सम्भार</td><td>रिया कन्स्टकशन</td><td>३९२४८४</td></tr>
<tr><td>२१५।२०७९।३।१५</td><td>वडा न.६ हयुमपाईप खरिद</td><td>मालिकार्जुन</td><td>४७७७६४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.३</td><td></td><td></td><td>अनुगमन भत्ताःसूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को उपदफा १ सँग समबन्धित अनुसूची१(ख) मा निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ।यस कार्यालयले कार्यक्रको अनुगमन गरेको स्थान, मिति.र अनुगमन प्रतिबेदन भुक्तानी भौचरसंग नराखी पदाधिकारी तथा कर्मचारीलाई विभिन्न कार्यक्रमको अनुगमन वापत भुक्तानी दिएका केही उदाहरण निम्म छन । अत कार्यालयले ऐनको ब्यवस्था बिपरित प्रमाण बेगर भुक्तानी गरेको नियम संगत नदेखिएको रू
<table>
<tr><th>क्र.सं.</th><th>भौ/मिति</th><th>कार्यक्रम/प्रयोजन</th><th>सङ्ख्या</th><th>दर/दिन</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>१८०।२०७९।३।२</td><td>योजना अनुगमन</td><td>२२</td><td>१९६</td><td>१०००</td><td>१,९६,०००</td></tr>
<tr><td>२</td><td>२६७।२०७९।३।२५</td><td>योजना अनुगमन</td><td>२८</td><td>३३८</td><td>१०००</td><td>३,३२,९३०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>५,२८,९३०</td></tr>
</table>
</td><td>५२८,९३०</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>सोझै खरीद</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **सोझै खरीदः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर रु.१,०३,२२,४९७ सोझै खरीद गरेको पाइयो। प्रतिष्पर्धा नगरी सोझो खरिद गर्ने कार्य नियन्त्रण हुनु पर्दछ । | |

| गो.भौ.नं. मिति | खरीद गरेको फर्म | सामानको विवरण | रकम रु. |
|---|---|---|---|
| **नगरपालिका चालु** | | | |
| १९।०७८।५।१६ | शंकर एण्ड निर सप्लायर्स | कार्यालय सामाग्री | २५९४२९ |
| १९१।०७८।७।३ | महालक्ष्मी गारमेन्ट | कार्यालय सामाग्री छपाई | ९९९८२ |
| १९६।०७८।७।३ | मुकेश पुस्तक पसल | कार्यालय सामाग्री | ७८२२० |
| २४२।०७८।७।१५ | पाण्डव अफसेट प्रेस | कार्यालय सामाग्री | ७८६०० |
| २४७।०७८।७।१५ | मुकेश पुस्तक पसल | कार्यालय सामाग्री | ५९०२० |
| २५३।०७८।७।१७ | मिश्रा ब्रदर्श | कार्यालय सामाग्री | १२४६३८ |
| ४७७।०७८।९।७ | मालिका अफसेट प्रेस | कार्यालय सामाग्री | ९२८०८ |
| ५२६।०७८।९।१४ | मिश्रा ब्रदर्श | कार्यालय सामाग्री | ४९७५१० |
| ८७५।०७८।११।२५ | अगुवा अफसेट प्रेस | कार्यालय सामाग्री छपाई | ९४२१३ |
| ९७८।०७८।१२।९ | अगुवा अफसेट प्रेस | कार्यालय सामाग्री | १५७०७० |
| १०४४।०७८।१२।१७ | अगुवा अफसेट प्रेस | कार्यालय सामाग्री | ९९४४० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११८९।०७९।१।१६</td><td>स्मिथ अमि ट्रेड एण्ड सप्लायर्स</td><td>कार्यालय सामाग्री</td><td>४८२१२१</td></tr>
<tr><td>१५१०।०७९।३।२०</td><td>शंकर एण्ड निर सप्लायर्स</td><td>कार्यालय सामाग्री</td><td>८१६९९</td></tr>
<tr><td>४२५।०७८।८।२९</td><td>एल.वि.कम्प्युटर सेन्टर</td><td>कम्प्युटर तथा इलेक्ट्रोनिक्स सामाग्री</td><td>९०४००</td></tr>
<tr><td>४२७।०७८।८।२९</td><td>आयुष कम्प्युटर ट्रेड एण्ड सप्लायर्स</td><td>कम्प्युटर तथा इलेक्ट्रोनिक्स सामाग्री</td><td>९९२७०</td></tr>
<tr><td>५८०।०७८।९।२६</td><td>एल. बि. कम्प्युटर सेन्टर</td><td>कम्प्युटर तथा इलेक्ट्रोनिक्स सामाग्री</td><td>९९१५७</td></tr>
<tr><td>५८१।०७८।९।२६</td><td>आयुस कम्प्युटर ट्रेड एण्ड सप्लायर्स</td><td>कम्प्युटर तथा इलेक्ट्रोनिक्स सामाग्री</td><td>९९४४०</td></tr>
<tr><td>१५२१।०७९।३।२२</td><td>रयाजल ट्रेड सप्लायर्स</td><td>कम्प्युटर तथा इलेक्ट्रोनिक्स सामाग्री</td><td>१४२९९९</td></tr>
<tr><td>१५९०।०७९।३।२५</td><td>पार्वती कम्प्युटर सेन्टर</td><td>कम्प्युटर तथा इलेक्ट्रोनिक्स सामाग्री</td><td>५०९००</td></tr>
<tr><td>१९५।०७८।७।३</td><td>गणेश शान्ति ट्रेडर्स</td><td>सवारी मर्मत</td><td>१८४४०५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१९९।०७८।७।३</td><td>गणेश शान्ति सप्लायर्स</td><td>सवारी मर्मत</td><td>८६२००</td></tr>
<tr><td>४३५।०७८।९।१</td><td>गणेश शान्ति ट्रेडर्स</td><td>सवारी मर्मत</td><td>७४९९८</td></tr>
<tr><td>४६४।०७८।९।५</td><td>गणेश शान्ति सप्लायर्स</td><td>सवारी मर्मत</td><td>९७३००</td></tr>
<tr><td>५४९।०७८।९।२०</td><td>कान्तिपुर ट्रेडिङ्ग हाउस</td><td>सवारी मर्मत</td><td>५९३२५</td></tr>
<tr><td>५८७।०७८।९।२७</td><td>लिला अटो पार्टस एण्ड सर्भिस सेन्टर</td><td>सवारी मर्मत</td><td>८८९३६</td></tr>
<tr><td>९०९।०७८।१२।१</td><td>मालिका ट्रेड लिंक</td><td>सवारी मर्मत</td><td>९९१६१</td></tr>
<tr><td>१०६०।०७८।१२।१८</td><td>मालिका ट्रेड लिंक</td><td>सवारी मर्मत</td><td>६२७१५</td></tr>
<tr><td>११६९।०७९।१।१२</td><td>गणेश शान्ति सप्लायर्स</td><td>सवारी मर्मत</td><td>६४८६०</td></tr>
<tr><td>१२७५।०७९।२।१९</td><td>सिंह देवी अटो सेन्टर</td><td>सवारी मर्मत</td><td>१३४६५०</td></tr>
<tr><td>१२९९।०७९।२।२५</td><td>नेपाल अटो ट्रेडर्स</td><td>सवारी मर्मत</td><td>९७६३७</td></tr>
<tr><td>६९९।०७८।१०।१०</td><td>टिकापुर गुड्स सप्लायर्स</td><td>कम्प्युटर मर्मत</td><td>९७५१९</td></tr>
<tr><td>८१३।०७८।११।१२</td><td>पार्वती कम्प्युटर सेन्टर</td><td>कम्प्युटर मर्मत</td><td>५४६५०</td></tr>
<tr><td>१०५५।०७८।१२।१८</td><td>पार्वती कम्प्युटर सेन्टर</td><td>कम्प्युटर मर्मत</td><td>९६९७५</td></tr>
<tr><td>१३७६।०७९।३।७</td><td>पार्वती कम्प्युटर सेन्टर</td><td>कम्प्युटर मर्मत</td><td>५७४००</td></tr>
<tr><td>८९६।०७८।११।२६</td><td>न्यु नवदुर्गा कालिका सप्लायर्स</td><td>फर्निचर सामाग्री</td><td>१५५३३०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १६१८।०७९।३।२५ | एल बी फर्निचर उद्योग | फर्निचर सामाग्री | ९९४४० |
| १०५९।०७८।१२।१८ | सम्झना सर्जिकल एण्ड सप्लायर्स | सर्जिकल सामाग्री | २६१३५९ |
| १२६१।०७९।२।१६ | नमिता सर्जिकल सप्लायर्स | सर्जिकल सामाग्री | ७९९७५ |
| १३७५।०७९।३।७ | आयुष सर्जिकेम | सर्जिकल सामाग्री | ११९७९७ |
| १५३७।०७९।३।२३ | द ग्लोबल सर्जिकल हाउस | सर्जिकल सामाग्री | १४३७३६ |
| १५६१।०७९।३।२४ | सम्झना सर्जिकल एण्ड सप्लायर्स | सर्जिकल सामाग्री | ५७३१४७ |
| ८८१।०७८।११।२५ | जुनु भेट सेन्टर | पशु औषधी | १२३६८५ |
| पशु चालु | | | |
| ५।०७८।८।१३ | पेट भेट सेन्टर | पशु औषधी | ३९८२८५ |
| १३।०७९।१।१४ | सुरज पेट सेन्टर | पशु औषधी | २९३९४६ |
| शिक्षा चालु | | | |
| १६।०७९।२।३१ | सत्कार बुक्स एण्ड स्टेशनर्स हाउस | कार्यालय सामाग्री पुस्तक | ४९५६२५ |
| १७।०७९।२।३१ | सेवा प्रिन्टिङ्ग प्रेस | कार्यालय सामाग्री पुस्तक | ४९३८१० |
| स्वास्थ्य चालु | | | |
| २०।०७८।८।१३ | सुधा ब्याग हाउस | कार्यालय सामाग्री | १५७२५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३५।०७८।८।२८</td><td>एल. बी. विजनेश ग्रुप प्रा.लि.</td><td>कार्यालय सामाग्री</td><td>९९४४०</td></tr>
<tr><td>४३।०७८।९।८</td><td>गतिमान आयुर्वेद फार्मेसी</td><td>आयुर्वेद औषधी</td><td>२९६१३५</td></tr>
<tr><td>४९।०७८।१०।१०</td><td>सिद्धि गणेश आयुर्वेद फार्मा</td><td>आयुर्वेद औषधी</td><td>२१८०००</td></tr>
<tr><td>१३०।०७९।३।२२</td><td>कुन्देश्वर आयुर्वेद फार्मेसी</td><td>आयुर्वेद औषधी</td><td>९५७०७</td></tr>
<tr><td>१३३।०७९।३।२३</td><td>गोदावरी मेडिसिन सप्लायर्स</td><td>औषधी खरिद</td><td>१९९४१८३</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,०३,२२,४९७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम :</td><td></td></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा वितरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(१) बमोजिम पालिकाले लाभग्राहिको अद्यावधिक विवरणका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालिमा लगत कट्टा बमोजिम भुक्तानी नगरेको, कानुन बमोजिम भत्ता नपाउनेलाई पनि भत्ता दिएको, नागरिकता नम्वर दोहोरो परेकोमा पनि रकम जम्मा गरेको देखिन्छ। सामाजिक सुरक्षातर्फ रु. २०,८४,४६,९८३ रकम खर्च लेखेको भएपनि वास्तविक खर्च पालिकाले यकिन गर्नुपर्दछ। पालिकाले लगत कट्टीको विवरण अद्यावधिक नगरि खर्च लेख्नु उपयुक्त होईन।</td><td></td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>दोहोरो भत्ताः सामाजिक सुरक्षा ऐन २०७५ को दफा १५ मा सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित व्यक्ति तथा अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक पाईरहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था छ। देहायका जनप्रतिनिधि तथा स्थायी र ज्यालादारी कर्मचारीहरु समेत सामाजिक सुरक्षा भत्ता लिईएको पाईयो। यसरी कानुन विपरित भत्ता लिएको रकम सम्बन्धित व्यक्तिहरुबाट असुलउपर गरि संघीय संचितकोषमा दाखिला गर्नु पर्ने रकम रु
<table>
<tr><td>क्रम</td><td>नाम</td><td>पद</td><td>रकम</td></tr>
</table>
</td><td>१८०,७५४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>भुन्टे राजी</td><td>जनप्रतिनिधि</td><td>४३,२२५</td></tr>
<tr><td>२</td><td>विल्लु राजी</td><td>जनप्रतिनिधि</td><td>४६,४१७</td></tr>
<tr><td>३</td><td>खड्क बहादुर राजी</td><td>जनप्रतिनिधि</td><td>५,८१५</td></tr>
<tr><td>४</td><td>भिम बहादुर राजी</td><td>जनप्रतिनिधि</td><td>५,०५४</td></tr>
<tr><td>५</td><td>राम देबी राजी</td><td>जनप्रतिनिधि</td><td>५,०५४</td></tr>
<tr><td>६</td><td>खिनुउ देबी कामी</td><td>जनप्रतिनिधि</td><td>३,३६९</td></tr>
<tr><td>७</td><td>रती राम राजी</td><td>कर्मचारी</td><td>३५,९१०</td></tr>
<tr><td>८</td><td>जित राम राजी</td><td>कर्मचारी</td><td>३५,९१०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,८०,७५४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>पदाधिकारीतर्फ</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>पदाधिकारीलाई इन्धन सुविधाः सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम यस ऐनमा उल्लेख गरेको सुबिधा भन्दा बढी सुबिधा लिन नपाउने व्यवस्था रहेको छ । देहाय बमोजिमका ९</td><td>१८०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>जना वडाध्यक्षले मोटरसाइकल र इन्धन सुविधा लिएपनि थप यातायात खर्च बापत मासिक रु. ४,००० को दरले ५ महिनाको इन्धन सुविधा प्राप्त गरेकोले इन्धन खर्च बापत पाएको सुविधा दोहोरो हुन गएको रु. १,८०,००० सम्बन्धितबाट फिर्ता गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.<br>
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>पद</td><td>इन्धन खर्च रु.</td></tr>
<tr><td>१</td><td>वडा नं. १</td><td>वडाध्यक्ष</td><td>२००००</td></tr>
<tr><td>२</td><td>वडा नं. २</td><td>वडाध्यक्ष</td><td>२००००</td></tr>
<tr><td>३</td><td>वडा नं. ३</td><td>वडाध्यक्ष</td><td>२००००</td></tr>
<tr><td>४</td><td>वडा नं. ४</td><td>वडाध्यक्ष</td><td>२००००</td></tr>
<tr><td>५</td><td>वडा नं. ५</td><td>वडाध्यक्ष</td><td>२००००</td></tr>
<tr><td>६</td><td>वडा नं. ६</td><td>वडाध्यक्ष</td><td>२००००</td></tr>
<tr><td>७</td><td>वडा नं. ७</td><td>वडाध्यक्ष</td><td>२००००</td></tr>
<tr><td>८</td><td>वडा नं. ८</td><td>वडाध्यक्ष</td><td>२००००</td></tr>
<tr><td>९</td><td>वडा नं. ९</td><td>वडाध्यक्ष</td><td>२००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,८०,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७.२</td><td></td><td></td><td>स्वकीय सचिव र सल्लाहकारः– सुदूरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिव तथा सल्लाहकारका रुपमा श्री हरिराम श्रीपाइलीलाई नियुक्त गरी मासिक रु. २०,००० को दरले रु. १,८०,००० भुक्तानी भएको छ । अतः कानून विपरित स्वकीय सचिव तथा सल्लाहकार राखी गरिएको खर्च अनियमित देखिएको रु.</td><td>१८०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **कर्मचारीतर्फ** | |
| २८.१ | | | **प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापनः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०३ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म १४३ जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सिनियर डिभिजन इन्जिनियर, अधिकृत सातौं, सर्वेक्षक, पशु चिकित्सक, पशु स्वास्थ्य प्राविधिक, कृषि अधिकृत जस्ता पदहरु रिक्त रहेका छन् । पदपूर्तिमध्ये मेडिकल अधिकृत, इन्जिनियर, सब इन्जिनियर सहित ५७ जना करारका कर्मचारी राखी पदपूर्ति गरिएको छ । स्वीकृत दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन,सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ। | |
| २८.२ | | | **कर्मचारी स्तरबृद्धि तथा प्रोत्साहन ग्रेडः**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था उपदफा १ को अधीनमा रहि स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । संघीय सरकारले हालसम्म पनि संघीय निजामती सेवा ऐन जारी गरी नसकेको अवस्थामा पालिकाको स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहन सुविधाका लागि व्यवस्था गर्न बनेको अन्तरिम ऐन, २०७८ निर्माण गरि लागु गरेको छ । अन्तरिम ऐनको दफा ५ अनुसार नगरकार्यपालिकाको मिति २०७८।४।१२ को निर्णयानुसार २ जनालाई सहायक पाँचौबाट अधिकृत छैठौंमा र १ जनालाई थप १ ग्रेड प्रोत्साहन भत्ता, २ जनालाई सहायक चौथोबाट सहायक पाँचौमा र १ जना सहायक पाँचौं तथा ५ जना श्रेणीविहिनलाई थप २ ग्रेड प्रोत्साहत भत्ता पाउने गरि स्तरवृद्धि गरेको छ । समग्रमा पालिकाले १० जनालाई स्तरवृद्धि तथा प्रोत्साहन उपलब्ध गराएको देखिन्छ । अतः लोक सेवा आयोगको सहमति बेगर स्तर बृद्धि गर्न मिल्ने देखिंदैन । | |
| २८.३ | | | **कर्मचारी व्यवस्थाः**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन् । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. २५,९९,५९० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु. | २,५९९,५९०<br>० |

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सामाजिक परिचालक</td><td>४</td><td>१५२७७२०</td></tr>
<tr><td>स्रोत व्यक्ति</td><td>१</td><td>२२७९४०</td></tr>
<tr><td>सहायक कम्प्युटर</td><td>१</td><td>३८१९३०</td></tr>
<tr><td>पत्र बाहक</td><td>१</td><td>२३१०००</td></tr>
<tr><td>महिला अभियानकर्ता</td><td>१</td><td>२३१०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२५,९९,५९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८.४</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ताः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कार्यविधि नबनाई नाइट डिउटी, खाजा भत्ता, नगरसभाको बैठक बापतको भत्ता तथा थप समयमा खटिए बापतको भत्ता डिजिटल हाजिरी बेगर रु. ५०,०५,०९६ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८.५</td><td></td><td></td><td>दरबन्दीभन्दा बढी कर्मचारीः पालिकाले स्वास्थ्यतर्फका स्थायी कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा स्वास्थ्य मन्त्रालयबाट स्वीकृत भएको दरबन्दी बमोजिमका कर्मचारीलाई मात्र तलब भत्ता भुक्तानी गर्नु पर्दछ । नगरपालिका अन्तर्गत ३ स्वास्थ्य चौकी र १ प्राथमिक स्वास्थ्य केन्द्र रहेकोमा सोही अनुसार जम्मा ३१ जना मात्र स्वास्थ्य कर्मचारीलाई कामकाज गराउनु पर्नेमा स्वीकृत दरबन्दी तेरिज अनुसार २ जना मेडिकल अधिकृत, २ जना सहायक हे.ई. पाँचौं, ७ जना सहायक सि.अ.हे.व. पाँचौं, ६ जना सि.अ.न.मि. पाँचौ, २ जना सहायक अ.हे.व. चौथो, ४ जना ल्याब असिस्टेन्ट चौथों र ६ जना श्रेणीविहिन समेत २९ जना तथा स्वास्थ्यतर्फ वाहेक ३ जना अधिकृत छैठौं, १ जना इन्जिनियर छैठौं र २३ जना श्रेणिविहिन समेत २७ जना गरी दुबैतर्फ जम्मा ५६ जना कर्मचारी दरबन्दी भन्दा बढी कामकाज गरेको पाइयो । यसरी दरबन्दी भन्दा बढी कर्मचारी काममा लागाउँदा पालिकालाई बार्षिक रु. १,७८,७६,९४० थप व्यायभार पर्ने गरेको छ। अतः स्वीकृत दरबन्दी भन्दा बढी हुने गरी सरुवा गर्ने तथा दरबन्दी बाहिरको कर्मचारीलाई हाजिर गराई कामकाज गराउने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८.६</td><td></td><td></td><td>कर्मचारी करारः —स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६९ जना कर्मचारीहरु करारमा राखि रु. २,२४,८५,८२० खर्च लेखेको छ। कार्य बोझको विश्लेषण गरी व्यवस्थापन सर्भेको आधारमा कानून बमोजिम मात्र कर्मचारी भर्ना गर्नुपर्नेमा यसरी करार कर्मचारी राख्नु उचि देखिदैंन । अतः यसरी करारमा कर्मचारी राख्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>२८.७</td><td></td><td></td><td>ग्रेड बढी भुक्तानीः- निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) अनुसार जिल्ला स्थित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गरि सोही अनुसार तलब भत्ता भुक्तानी गर्नु पर्दछ । पालिकाले देहाय बमोजिमका ग्रेड बापतको रकम रु. ७२,००० बढी भुक्तानी गरेकोले सम्बन्धितबाट असुल गरि दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>पद</th><th>ग्रेड दर</th><th>जम्मा ग्रेड रु.</th></tr>
<tr><td>१</td><td>सुमन कुमार चौधरी</td><td>सहायक पाँचौं</td><td>१००७ को दरले ३ ग्रेड तथा सञ्चय कोषको रकम समेत बर्षभरी बढी</td><td>४३२००</td></tr>
<tr><td>२</td><td>प्रेमराज चौधरी</td><td>सहायक पाँचौं</td><td>१००७ को दरले २ ग्रेड तथा सञ्चय कोषको रकम समेत बर्षभरी बढी</td><td>२८८००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७२,०००</td></tr>
</table></td><td>७२,०००</td></tr>
<tr><td>२८.८</td><td></td><td></td><td>कोभिड करार कर्मचारीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कोभिड व्यवस्थापनको लागि करारमा ३ जना कर्मचारीहरु करारमा २०७८ श्रावण देखि २०७९ आषाढसम्म राखि रु. १०,२६,२०० खर्च लेखेको छ । कोभिड व्यवस्थापन प्रयोजनार्थ क्वारेटाइन तथा आइसोलेसनमा राखेको करार कर्मचारीहरुलाई वर्षभरी स्वास्थ्य चौकीमा समायोजना गरी राखेको पाइयो । क्वारेन्टाईन तथा आइसोलेसन बन्द रहेको अवस्थामा पनि तलब भत्ता भुक्तानी गरेको पाइयो । साथै ति कर्मचारीहरुको नियुक्ति प्रकृया</td><td>१,०२६,२०० </td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्बन्धि अभिलेख प्राप्त हुन नसकेकोले के कसरी भएको हो भनी एकिन हुन सकिएन । क्वारेन्टाईन एवम् आईसोलेसन संचालन नभएको अवधिमा पनि भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>विविधतर्फ</td><td></td></tr>
<tr><td>२९.१</td><td></td><td></td><td>सडक गुरु योजना र अभिलेखः पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको अभिलेख राखी ती सडकहरुको निमार्ण, स्तरोन्नती मर्मत संम्भार तथा सञ्चालनको उचित प्रबन्ध गर्नु पर्छ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथमिकताको आधारमा वर्गिकरण गरी सोही बमोजिम सडक निमार्ण स्तरोन्नति तथा मर्मत सम्बन्धमा सडक गुरुयोजना तयार गरी सोही बमोजिम कार्य हुनुपर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समितिबाट सडक निमार्ण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>कृषि, पशु, खानेपानी तथा विद्यालय अनुदानः सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीति, मार्गदर्शन, २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर क्षर्तिपुर्ति, औषधीउपचार, संघ संस्थालाई आर्थिक सहायता, प्रोत्साहन वापतको अन्य अनुदान तथा कार्यक्रममा खर्च उपलब्ध गराउने उल्लेख छ । स्वीकृत योजना अनुसार मेसीनरी औजार, प्लास्टिक पोखरी, बिउ, उपचार मेसीन अन्य सामान समेत आपूर्तक मार्फत खरिद बिल संलग्न गरी शत प्रतिशत अनुदानमा कृषक समूह तथा कृषक, विद्यालय, स्वास्थय संस्था र अन्य संस्थालाई दिएको छ । अनुदानमा वितरण गरिने उपकरणहरु खरिद गर्दा ऐन नियमावली अनुसार खरिद गर्नु पर्ने र वितरित उपकहरणहरु प्रयोगमा रहे नरहेको नियमित अनुगमन हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>पेश्की बाँकी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>सि नं</th><th>पेश्की लिनेको नाम</th><th>पद/ठेगाना</th><th>प्रयोजन</th><th>पेश्की रकम रु.</th></tr>
<tr><td colspan="5">म्याद नाघेको पेश्की</td></tr>
<tr><td>1</td><td>असर्फिलाल चौधरी</td><td>कार्यालय सहयोगी</td><td>कर्मचारी कल्याण कोष</td><td>२९५०००</td></tr>
</table></td><td>१०,५३२,५००.०९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>2</td><td>कैलाश बहादुर डगौरा थारु</td><td>जन स्वास्थ्य निरीक्षक</td><td>कर्मचारी कल्याण कोष</td><td>३४४१६६.६७</td></tr>
<tr><td>3</td><td>चन्द्र देव भट्ट</td><td>अधिकृत छैठौं</td><td>कर्मचारी कल्याण कोष</td><td>३४४१६६.६७</td></tr>
<tr><td>4</td><td>चिरन्जिवी प्रसाद उपाध्याय</td><td>सहायक चौथों</td><td>कर्मचारी कल्याण कोष</td><td>३४४१६६.६७</td></tr>
<tr><td>5</td><td>जनक प्रसाद भण्डारी</td><td>सहायक चौथों</td><td>कर्मचारी कल्याण कोष</td><td>३४४१६६.६७</td></tr>
<tr><td>6</td><td>झनक राज ओझा</td><td>अधिकृत छैठौं</td><td>कर्मचारी कल्याण कोष</td><td>३४४१६६.६७</td></tr>
<tr><td>7</td><td>देव राज अवस्थी</td><td>सहायक पाचौं</td><td>कर्मचारी कल्याण कोष</td><td>३४४१६६.६७</td></tr>
<tr><td>8</td><td>देव राज चौधरी</td><td>सहायक पाचौं</td><td>कर्मचारी कल्याण कोष</td><td>३४४१६६.६७</td></tr>
<tr><td>9</td><td>देवेन्द्र कुमार चौधरी</td><td>सहायक चौथों</td><td>कर्मचारी कल्याण कोष</td><td>३४४१६६.६७</td></tr>
<tr><td>10</td><td>पंख वहादुर शाह</td><td>अधिकृत छैठौं</td><td>कर्मचारी कल्याण कोष</td><td>३४४१६६.६७</td></tr>
<tr><td>11</td><td>पुर्ण वहादुर जोशी</td><td>अधिकृत छैठौं</td><td>कर्मचारी कल्याण कोष</td><td>३४४१६६.६७</td></tr>
<tr><td>12</td><td>प्रेम राज चौधरी</td><td>सहायक पाचौं</td><td>कर्मचारी कल्याण कोष</td><td>३४४१६६.६७</td></tr>
<tr><td>13</td><td>पुस्कर रावल</td><td>असिष्टेण्ट सव ईन्जिनियर</td><td>कर्मचारी कल्याण कोष</td><td>३४४१६६.६७</td></tr>
<tr><td>14</td><td>बासु देव बजगाई</td><td>सि अ हे व</td><td>कर्मचारी कल्याण कोष</td><td>३४४१६६.६७</td></tr>
<tr><td>15</td><td>बासुदेव विनाडी</td><td>सहायक पाचौं</td><td>कर्मचारी कल्याण कोष</td><td>३४४१६६.६७</td></tr>
<tr><td>16</td><td>भजनी नगरपालिका</td><td></td><td></td><td>३४४१६६.६७</td></tr>
<tr><td>17</td><td>भजनी नगरपालिका</td><td></td><td></td><td>३४४१६६.६७</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 18 | भोजराज चौधरी | सहायक पाचौं | कर्मचारी कल्याण कोष | ३४४१६६.६७ |
| 19 | रेखा कुमारी चौधरी | योजना अधिकृत | कर्मचारी कल्याण कोष | ३४४१६६.६७ |
| 20 | रविना चौधरी | सहायक चौथों | कर्मचारी कल्याण कोष | ३४४१६६.६७ |
| 21 | राम वहादुर थारु | कार्यालय सहयोगी | कर्मचारी कल्याण कोष | २९५००० |
| 22 | रिता देवकोटा | अ न मी | कर्मचारी कल्याण कोष | ३४४१६६.६७ |
| 23 | लक्ष्मी देवी चौधरी | सि अ न मि | कर्मचारी कल्याण कोष | ३४४१६६.६७ |
| 24 | लाल वहादुर वस्नेत | कार्यालय सहयोगी | कर्मचारी कल्याण कोष | ३४४१६६.६७ |
| 25 | विनय कुमार चौधरी | सहायक चौथों | कर्मचारी कल्याण कोष | ३४४१६६.६७ |
| 26 | विष्णुराज न्यौपाने | अधिकृत | कर्मचारी कल्याण कोष | ३४४१६६.६७ |
| 27 | सुमन कुमार चौधरी | सहायक पाचौं | कर्मचारी कल्याण कोष | ३४४१६६.६७ |
| 28 | सुरज के.सी. | अ.हे.व. | कर्मचारी कल्याण कोष | ३४४१६६.६७ |
| 29 | सुर्य बहादुर सिंह | अधिकृत दशौं | कर्मचारी कल्याण कोष | ३४४१६६.६७ |
| 30 | दिनेश रावल | आ.ले.प. सहायक | कर्मचारी कल्याण कोष | ५००००० |
| 31 | दिनेश कुमार चौधरी | | जैबिक कृषि उत्पादन गर्न प्रोत्साहनका लागि कृषक पाठशाला सञ्चालन कार्यक्रम | १५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा — १,०५,३२,४९९.८८<br>भजनी नगरपालिको नाममा देखिएको पेश्कि रकम रु. ६८८३३३।३४ पालिकाले छानविन गरि कस्को नाममा रहेको छ यकिन गरि नाममामेशि सहित प्रमाण पेश गर्नु पर्दछ। | |
| ३१ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराहरु**<br><br>सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ९६ (३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै नै बेरुजु फर्छ्यौट गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट कायम निम्नानुसार बेरुजु हालसम्म फर्छ्यौट नभएकोले नियमावलीको व्यवस्था बमोजिम बेरुजु फर्छ्यौट गर्नु पर्दछ । | |
| ३१.१ | | | (तलको तालिका हेर्नुहोस्) | ३७९,५८४ |

| सि.नं. | गो.भौ.नं. | मिति | स्रेस्ता परीक्षणबाट देखिएको व्यहोरा | असुल गर्नुपर्ने |
|---|---|---|---|---|
| **नगरपालिका समानीकरण अनुदान चालू:८०७७७४०५००१** | | | | |
| १ | | | नगरपालिका कार्यापालिकाको कार्यालयका करारकर्मचारीहरुलाई तलव भत्ता उपलब्ध गराउदाँ कार्यालयसंग गरिएको करार सम्झौता संलग्न गर्नुपर्नेमा सो भएको नदेखिएकोलेआर्थिक प्रशासन शाखा र प्रशासन शाखामा करार सम्झौता अभिलेख अनिवार्य राख्नुपर्ने देखिन्छ। | |
| २ | | | सार्वजनिकनिकायले प्रत्येक आ.व.को सुरुवातमा कार्यालय मालसामान तथा परामर्श सेवा खरिदकालागि सार्वजनिक खरिद कानुन बमोजिम मोजुदा सुची अद्यावधिक गरि सवैभन्दा कमदररेटमा उपलब्ध गराउने व्यवसायी/आपुर्तिकर्ताबाट कार्यालय सामाग्रीहरु खरिदगर्नुपर्ने प्रावधान रहेकोले सोहिबमोजिम गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३ | ३८ | ७८/०५/२९ | वडाअध्यक्ष श्री पंकज चौधरीलाई ३ दिनेकार्यालय कामकाजको लागि धनगढी आते-जातेभ्रमण आदेश स्वीकृत भएकोमा ४ दिन बढी गरि रु ४८००।- थपभम्रण भत्ता रकम भुक्तानी हुन गएकोले उक्त रकम असुल उपर हुनुपर्ने । | ४८०० |
| ४ | ७२ | ७८/०६/०६ | आ.व.२०७६/०७७ को उपभोक्ता समिति पदाधिकारीहरुलाई तालिम संचालनका लागि सव -इन्जिनियर खडक बहादुर चौधरीको रु ४०००००।- को पे.फ. गर्दा- रु ७३२०।- को बिलभरपाई स्रेष्तामा नदेखिएकोले उक्त रकम असुल हुनुपर्ने । ११ जना कार्यक्रम सहजकर्ताले ३२ दिनको रु २०००।- को दरमाकार्यक्रम सहजीकरण वापत सहजीकरण भत्ता र ७ जना सहयोगीले रु १५००।- को दरमा सहयोगी भत्ता बूझेको देखिएकोमा यो कार्य सन्चालन निर्देशिका २०७५ बमोजिम नदेखिएकोले रु. १९,५००।— समेत जम्मा रु. २६,८२० असुल गर्नुपर्ने रु.<br><br>साथै यस अभिमुखिकरण कार्यक्रमको कार्यक्रम कार्यविभाजन तालिका (सेडिउल), खर्चतालिका, सहजिकरण विषयवस्तु (कार्यपत्र), वडागत उपभोक्ता समितिपदाधिकारीहरु सहभागी तालिका र प्रतिवेदन लगायतका कागजात संलग्न गरि खर्च रु. ४,००,००० नियमित हुनु पर्दछ । | २६८२० |
| ५ | १७२ | ७८/०६/२२ | सा.सु.भत्ता नविकरण अध्यावधिक तथा लागत कट्टा सम्बन्धीकार्यक्रमको प्रतिक्षा आचार्यलाई रकमभुक्तानी दिदा - कार्यक्रम अनुगमन वापत रु १५००।-को दरमा ३ जनाकर्मचारीलाई प्रदान गरेको भत्तारकमको दर बढीमा रु १०००।- हुनुपर्नेमा बढी भुक्तानीदिएको रु १२७५।- असुल गरिनुपर्ने । | १२७५ |
| ६ | १७६ | ७८/०७/०३ | राजस्वपरार्मश समिमितको बैठक भत्ता वितरणको स.क. अ. मिन बहादुर धामीलाई भुक्तानी दिदाँ-सुदुरपश्चिम प्रदेशका स्थानियत तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ अनुसार प्रति बैठक बैठक भत्ता रकम रु १०००।- निर्धारण | ३८२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरिएको भएता पनि बैठक भत्ता रकम रु १५००।- को दरमा९ वटा बैठकको भत्ता रकम वितरण भएकोमा बढी वितरण हुनगएको रकम रु ३८२५। असुल गरिनुपर्ने । | |
| ७ | २१४ | ७८/०७/१५ | न.पा.स्थायी कर्मचारीहरुलाई २०७८ कार्तिक महिनाको तलब प्रदान गर्दा कार्यालयका ५ जना का.स.हरुको तलबवृद्धी ग्रेड दुईवटा बमोजिम तलब भुक्तानीहुनगएको तर असोज महिनासम्म वार्षिक गेडचारवटा अनुसार तलब भुक्तानी भएको देखिएकोले सो छुट ग्रेड रकम मिलान हुनपर्ने देखिन्छ । | |
| ८ | २३८ | ७८/०७/१५ | वडानं २ तिज कार्यक्रम खर्चको अ.स.ई भावनाबिष्टलाई रु४९०४७।- भुक्तानी दिदाँ- ४जना कार्यक्रम सहयोगीलाई उपलब्ध गराइएकोभत्ता वापत कट्टी भएको पारिश्रमिक कररु १८०।- र कार्य संचालन निर्देशिका २०७७ बमोजिम एकदिनेकार्यक्रमको प्रतिवेदन लेखनको दर रु१०००।- हुनुपर्नेमा रु १५००।- भुक्तानी भएकोले करकट्टी बाहेक बढी भुक्तानी भएको रु ४२५ गरी जम्मा रु ६०५।- असुल गरिनुपर्ने । | ६०५ |
| ९ | २५० | ७८/०७/१६ | महुन्याल मिडिया प्रा.लि भजनीलाई सुचना प्रशारणको रु ७५०००।- भुक्तानी दिदाँ- एउटै मितिको र एउटै प्रकृतिको कार्यको लागि पान बिल टुक्याई रकम भुक्तानी भएको हुदाँ उक्त भुक्तानी रकमको अग्रिम आय करबाहेक भ्याट रकम रु. ८६२५।- असुलगर्नुपर्ने रु. | ८६२५ |
| १० | ३५० | ७८/०८/१४ | थापापुरस्वास्थ्य चौकी बर्थिगं सेन्टरमा दशै तथा दिपावलीमा रात्री ड्युटी गरेवापत ३ जना कर्मचारीलाई पारिश्रमिक भत्ता रु १०८००।- प्रदान गर्दा - पारिश्रमिक कर वापत रु १६२०।- असुल गरिनुपर्ने । | १६२० |
| ११ | ४१२ | ७८/०८/२८ | वडानं ३ वडा सचिव विमला ढूंगानालाई तिजकार्यक्रमको रु ९७५०३।- भुक्तानी दिदाँ- संलग्न बिल बिजक बमोजिम रु ७९९।- अग्रिम आय कर र रु ९००।- पारिश्रमिक कर कट्टी हुन छुटहुनगएकोले उक्त रकम रु १६९९।- असुल गरिनुपर्ने। | १६९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १२ | ४५० | ७८/०९/०२ | सेतीमहाकाली राष्ट्रिय दैनिक महेन्द्रनगरलाई सुचना विज्ञापन प्रकाशनवापत रु ११८२०।-भुक्तानी दिदा -विज्ञापन प्रकाशन गरिएको भनिएको मिति २०७८/०९/०२ को संलग्न पत्रिका थानमा यस कार्यालयको कुनै विज्ञापननदेखिएकोले उक्त रकम रु ११८२०।- असुल गरिनुपर्ने । | ११८२० |
| १३ | ४८५ | ७८/०९/०८ | समाधानन्युज टिकापुरलाई विभिन्न मितिमा सुचना छपाई बिलको रु ५११४१।- भुक्तानी दिदाँ- प्र.प्र.अ. को तोकादेश बमोजिम रु ४८९२०।- भुक्तानी हुनुपर्नेमा रु ३०००।- बढी भुक्तानी भएको देखिएकोले उक्त रकम रु ३०००।- असुल गरिनुपर्ने । | ३००० |
| १४ | ५१३ | ७८/०९/१२ | राजस्वपरार्मश समिमितको बैठक भत्ता वितरणको स.क. अ. मिन बहादुर धामीलाई भुक्तानी दिदाँ-सुदुरपश्चिम प्रदेशका स्थानियत तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ अनुसार प्रति बैठक बैठक भत्ता रकम रु १०००।-निर्धारण गरिएको भएता पनि बैठक भत्ता रकम रु १५००।- को दरमा४१ वटा बैठकको भत्ता रकम वितरण भएकोमा बढी वितरण हुनगएको रकम रु १९,६७५। असुल गरिनुपर्ने । | १७४२५ |
| १५ | ५१४ | ७८/०९/१२ | विधायनसमिमितको बैठक भत्ता वितरणको स.क. अ. मिन बहादुर धामीलाई भुक्तानी दिदाँ-सुदुरपश्चिम प्रदेशका स्थानियत तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ अनुसार प्रति बैठक बैठक भत्ता रकम रु १०००।-निर्धारण गरिएको भएता पनि बैठक भत्ता रकम रु १५००।- को दरमा १४ वटा बैठकको भत्ता रकम वितरण भएकोमा बढी वितरण हुनगएको रकम रु ५,९५०। असुल गरिनुपर्ने । | ५९५० |
| १६ | ५२३ | ७८/०९/१४ | मुक्त कमैयाहरुलाई बाखा वितरण र वाखापालन तालिम शिर्षकको रकम रु ९७३५९।- वडा सचिव देवराज चौधरीलाईभुक्तानी दिदाँ- कार्य संचालन निर्देशिका २०७७ बमोजिम प्रतिवेदन लेखन वापत रु १०००।-भुक्तानी दिन मिल्नेमा करकट्टी वाहेक रु १७००।-भुक्तानी भएकोले बढी भुक्तानी रु ७००।- असुल | १९७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरिनुपर्ने । साथै अनुगमन भत्ता वापत बढीभुक्तानी भएको रकम रु १२७५।- गरि जम्मारु १९७५।- भुक्तानी लिनेवाट असुलगरिनुपर्ने । | |
| १७ | ५६४ | ७८/०९/२५ | इलाकाप्रशासन कार्यालय टिकापुर कैलालीका शाखाअधिकृत महेशबहादुर बम जानकी गाउपालिका रटिकापुर नगरपालिका भित्रका विभिन्न स्थानमा अनुगमन वापत यस कार्यालयबाट जम्मा रु५६००।- भ्रमण भत्ता बुझेको देखिएकोमा- कार्तिक दोस्रो हप्ता र मंसिर पहिलोहप्तामा जानकी गाउपालिका र टिकापुर नगरपालिका भित्रमा विभिन्न स्थानमा अनुगमन वापतको भ्रमण भत्ता तत् स्थानिय तहबाट लिन मिल्ने देखिन्छ र लिएको हुनसक्ने अवस्था रहँदा फेरि यस नगरपालिकाबाट उक्त भ्रमण भत्ता लिदाँ दोहोरो पर्न जाने हुनाले सम्बन्धित कर्मचारीले उल्लेखित मितिमा जानकी गाउँपालिका र टिकापुर नगरपालिकाबाट यसै शिर्षकमा भ्रमण भत्ता नलिएको प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ५६०० |
| १८ | ५६५ | ७८/०९/२६ | यस नगरपालिका र Governance Automation Solution Pvt. Ltd. Lalitpur का बिचमा मिति २०७८/०९/१३ गते तलब हिसाब खाता प्रणाली (ipayroll software) खरिद सम्झौता भई पौष महिना देखि यसै ipayroll software मार्फत मासिक तलब भुक्तानी भैरहेकोमा यस ipayroll system बाट कर्मचारीहरुको नियमानुसार सामाजिक सुरक्षा करकट्टी मात्र गरेको तर पारिश्रमिक कर कट्टी नगरेको देखियो । तसर्थ यो प्रणाली अवलम्बन गर्दा तपसिलको तालिका बमोजिमका कर्मचारीहरुको देहाय बमोजिम थप पारिश्रमिक करकट्टी गर्नुपर्ने देखिन्छ । | ९३१२० |
| १९ | ६०० | ७८/०९/२७ | भजनीप्राथमिक स्वास्थ्य केन्द्र भजनीलाई गत आ.व. २०७७/७८ को आकस्मिक सेवा र अन्तरंगसेवाको बाँकी रकम रु. ७,००,०००।- भुक्तानीमा - प्रा.स्वा.केन्द्रमा डाक्टर तथास्वास्थ्य कर्मचारीहरुले कार्यालय समय बाहेक कामकाज गरि २४ घंटे सेवा सुविधा प्रदान गरेको प्रतिदिन तलब स्केल बमोजिमभुक्तानी दिने विषयलाई नगरपालिकाकार्यालयले यस्तो कामकाज र खर्चको स्पष्ट उपलब्धी र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मापदण्ड मापन गर्ने र हुनेव्यहोरा समावेश भएको कार्यविधि बनाई सेवा सुविधा प्रदान गर्नुपर्ने देखिन्छ । | |
| २० | ६६१ | ७८/०९/२९ | सवारीसाधन तथा मेशिन औजार भाडा शिर्षकमा नगरपालकाले रु तिस लाख विनियोजन गरि हालसम्मरु ११,१२,०००।- खर्च भएको देखिन्छ । शिर्षकको उद्धेश्य बमोजिम अनिवार्य खर्च वाहेक नगरपालिका कार्यालयको कामकाजकोलागि नगर प्रमुख/नगर उप-प्रमुख/ कार्यालय प्रमुखलाई धनगढी, नेपालगंज, नगरपालिका भित्र लगायतस्थानहरुमा आवतजावत गर्नको लागि कार्यालयको आफ्नै सवारी साधन र सवारी चालक हुदाँ हुदै धेरै पटक बाहिरबाट भाडामा सवारी साधन सम्झौता गरि सवारी साधन तथा मेशिन औजार भाडाशिर्षकबाट भुक्तानी दिदाँ यो सार्वजनिक खर्चमा सार्वजनिक संचित कोष प्रति मितव्यिता अवलम्वननगरेको देखिन्छ । | |
| २१ | ६७४ | ७८/०९/३० | रोजगारसंयोजक जिवन कुमार चौधरीलाई श्रमिकहरुको अभिमुखिकरण परिचयपत्र वितरण समिति गठनकार्यक्रमको रु १२१२२०।- भुक्तानी दिदाँ- रु १०८७ पारिश्रमिक करकट्टी हुनछुटेकोले सो रकम असुल गरि कर दाखिला गर्नुपर्ने । | १०८७ |
| २२ | ७१२ | ७८/१०/२३ | महुन्यालमिडिया प्रा.लि भजनीलाई जनहितमा जारी सन्देश प्रसारण विलको रु ५१५००।- भुक्तानीदिदाँ- समान प्रकृतिको सुचनाको समान मितिका धेरै पान बिलबाट भुक्तानी भएकोलेसार्वजनिक निकायले कट्टी गर्नुपर्ने भ्याट वापतको रकम कट्टी नभएकोले सो रकम रु६०३७ ।- सम्बन्धित मिडिया प्रा.लि.बाट असुल गरि दाखिला गरिनुपर्ने । | ६०३७ |
| २३ | ७५३ | ७८/११/०२ | वडाकायोजना अनुगमन वापत वडा नं २ वडा वडा सचिव देवराज चौधरीलाई रु ९०५६५।- भुक्तानीदिदाँ- वडा स्तरीय अनुगमन समितिकापदाधिकारी तथा कर्मचारीलाई योजना अनुगमन वापत प्रतिदिन रु १५००।- को दरमाकरकट्टी वाहेक जम्मा रकम रु ८१६००।- भुक्तानी भएकोमा यस्तो रकम भुक्तानीको लागि नेपाल सरकार तथाप्रदेश कानुनको प्रतिकुल नहुने गरि नगरपालिकाले स्पष्ट मापदण्ड तथा | २७२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यविधिनिर्माण गरि सोहि बमोजिम भुक्तानी गरिनुपर्दछ । सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारीतथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५, नेपाल सरकार कार्य सञ्चालन निर्देशिका २०७७ तथा आ.व. २०७७/७८ को यस कार्यालयको महालेखापरीक्षक प्रतिवेदन बमोजिम यस्तोभुक्तानीमा प्रतिदिन दर रु १०००।- मात्र हुनुपर्ने देखिएकोले ८ जना ब्यक्तिलाईगरि बढी भुक्तानी भएको रकम रु २७२००।- असुल गरिनुपर्ने। | |
| २४ | ८१९ | ७८/११/१८ | नगरपालिकाले अन्य सामाजिक सुरक्षा खर्च शिर्षकमा रकम रु. १०,००,०००।- विनियोजिन गरि शतप्रतिसतखर्च भएको देखियो । यस शिर्षकको रकम खर्चको लागि "भजनी नगरपालिका आर्थिकसहायता मापदण्ड सम्बन्धी कार्यविधि २०७६" पारित गरेको छ । कार्यविधिको दफा ३ बमोजिम नगर प्रमुखको तोक आदेश बमोजिम आर्थिक सहायताको मापदण्डको रुपमादुर्घटनामा सहयोग मापदण्ड र दिर्घरोगीमा सहयोग मापदण्ड गरि दुई वटा उपदफामा रुपाँच हजार देखि दश हजारसम्म भुक्तानी गरिने ब्यवस्था गरिएको छ । तर लेखा अभिलेखश्रेष्ता हेर्दा केहि थोरै वाहेक प्रायशः निवेदनहरु दुर्घटनामा सहयोग र दिर्घरोगीमा सहयोगका लागि नभई गरिबी, विपन्नता र आर्थिक अवस्था कमजोर भएको कारणबाट आर्थिक सहयोग दिइएको देखिन्छ । साथै सहयोग लिनेको स्पष्ट अभिलेख समेतराख्ने व्यवस्था नगरिएकोले कसै-कसैले पटक पटक दोहोर्याएर सुविधा लिएको पनिदेखिन्छ । तसर्थ नगरपालिकाको व्यवहारिक पाटोलाई दृष्टिगोचर गरि कार्यविधिलाईआवश्यक परिमार्जन गरी सेवा प्रापकहरुको स्पष्ट अभिलेख समेत राख्ने ब्यवस्था गर्नुपर्ने देखिन्छ। | |
| २५ | ८९४ | ७८/११/२६ | विकासनिर्माणमा पत्रकारिताको भूमिका र दायित्व र सूचनाको हक सम्बन्धी तालिमकार्यक्रमको नेपाल पत्रकार महासंघ कैलालीलाई रु २३२४१४।- भुक्तानी दिदाँ- नेपालसरकार कार्य सञ्चालन निर्देशिका २०७७ को दफा ७.१.१५ बमोजिम अभिमुखिकरण तालिमकार्यक्रमका प्रशिक्षकलाई प्रति सेसन रु १६००।- दरमा पारिश्रमिक भुक्तानी हुनेब्यवस्था रहेको छ । तर यो २ दिने तालिम कार्यक्रममा ३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जना प्रशिक्षकलाई एकमुष्टरु ३४०००।- वितरण भएको देखिएको तथा प्रति दिन ४ वटा सेसन गरी ८ वटा सेसन वाहेकको बढी भुक्तानी हुन गएको रकम रु १८०२०।- असुल गरिनुपर्ने । कार्यक्रममा ३ दिन गाडीप्रयोग गरेवापत रु २१०००।- भुक्तानी भएको भनिएकोमा यो प्रशिक्षकहरु आते जातेका लागि बढीमा १४०००।-खर्चको पुष्टी हुने देखिएको वाहेक अन्य रकम रु ६३००।- असुल गरिनुपर्ने ।कार्यक्रम समन्वय गरे वापत रु १५०००।- भुक्तानी भएकोमा यो शिर्षकमा रु ३२००।- वाहेक वढी भुक्तानी रु १००३०।- असुल गरिनुपर्ने । प्रतिवेदन तयारीको रु ८०००।-भुक्तानी भएकोमा निर्देशिका बमोजिम रु १५००।- भुक्तानी दिने मिल्ने भएकोले बढीभुक्तानी भएको रकम रु ५५२५।- असुल गरिनुपर्ने । कार्यक्रममा उपस्थिति माइन्यूटबमोजिम बढीमा ५० जना सहभागी भएको देखिन्छ र स्थानीय ब्यक्तिहरु नै कार्यक्रमकोसहभागी भएको कार्यक्रमको उद्धेश्यवाट पुष्टी हुन्छ । यस सन्दर्भमा १५ वटा कोठाकार १६० वटा खानाको महशुल भुक्तानी अस्वभाविकभएकोले बढी भुक्तानी भएको देखिएको रकम रु ३६०००।— समेत जम्मा रु. ७५,८७५ असुल गर्नुपर्ने रु.<br><br>साथै तालिमकार्यक्रम सञ्चालनको खर्च तालिका, सेसन प्लान, सेसनको विषयवस्तु र स्रोतव्यक्तिको प्रशिक्षण गर्न योग्यता खुल्ने कागजात संलग्न गरि खर्च रु. २,३२,४१४ नियमितहुनु पर्दछ । | ७५८७५ |
| २६ | ९३१ | ७८/१२/०३ | ब्राइटभिजन एजुकेशन एण्ड टेक्निकल इन्ष्टिच्यूट प्रा.लि. भजनीलाई कृषकहरुलाई मौसमी तथाबेमौसमी तरकारी बिउविजन तथा सामाग्री वितरण कार्यक्रमको रु १९५०३०।- भुक्तानीदिदाँ- कार्यक्रमको प्रतिवेदन वापतरिन्त बहादुर चौधरीलाई प्रतिवेदन वापत रु २५००।- भुक्तानीमा कार्य सञ्चालननिर्देशिका २०७७ बमोजिम रु १५००।- मात्र भुक्तानी दिन मिल्ने हुदाँ बढी भुक्तानीभएको रकम रु १०००।- असुल गरिनुपर्न । | १००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | ९३२ | ७८/१२/०३ | ब्राइटभिजन एजुकेशन एण्ड टेक्निकल इन्स्टिच्यूट प्रा.लि. भजनीलाई सहिद परिवार अतिविपन्न दलित र मुक्त कमैयालाई बाख्रापालन तालिम कार्यक्रमको रु १११०००।-भुक्तानी दिदाँ- कार्य सञ्चालननिर्देशिका २०७७ बमोजिम प्रशिक्षकको प्रति सेसनको लागि रु १६००।-, कार्यक्रमसंयोजन वापत प्रतिसेसन रु ४००।-, प्रतिवेदन वापत रु १५००।- र कार्यक्रम सहयोगीवापत प्रति सेसन रु १५०।- भुक्तानी गर्न मिल्ने ब्यवस्था गरिएको छ ।संलग्नकागजात बमोजिम २ दिनका लागि सञ्चालन भएको तालिममा प्रशिक्षण वापत रु ९७४४।-संयोजन वापत रु ६९६।-, प्रतिवेदन वापत रु ४३५।- र कार्यक्रम सहयोगी वापत रु१०४४।- गरी जम्मा रकम रु ११९१९।- असुल गरिनुपर्न । | ११९१९ |
| २८ | ९७४ | ७८/१२/०९ | आजकोसंश्लेषण मासिक पत्रिका धनगढीलाई शुभकामना शन्देश छपाई विलको रु ७००००।-भुक्तानी दिदाँ- समान प्रकृतिको सुचना र समान मितिको पान बिलबाट एउटै निकायलाईरु २००००।- भन्दा बढी भुक्तानी दिदाँ भ्याट बिल आवश्यक पर्ने भएता पनि भुक्तानीप्रापकले पान बिलमात्र जारी गरेको देखिएको हुदाँ भुक्तानी रकमको भ्याट वापत रु८९६४।- असुल गरि भ्याट दाखिला गर्नुपर्ने । | ८९६४ |
| २९ | १०९६ | ७८/१२/२९ | मधेशी, मुश्लिम मुक्तकमैया र दलित समुदायका किशोर किशोरीलाई मौलिक हक सम्बन्धी जनचेतनाकार्यक्रमको चिरञ्जिवी प्रसाद उपाध्यायलाई रु १७३९५०।- भुक्तानी दिदाँ- संलग्न श्रेस्ता बमोजिम रु १५६०।- बढीभुक्तानी भएकोले तथा रु ३००।- बहाल करकट्टी नभएकोले रकम रु १८६०।- असुल गरिदाखिला गर्नुपर्न। | १८६० |
| ३० | ११२२ | ७९/०१/०५ | विशिष्टव्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च वापतको रकम रु २८९७९६।- भुक्तानीदिदाँ- १६ जना व्यक्तिहरु ८ दिनको लागि भजनीबाट काठमाण्डौ सम्माननीयप्रधानमन्त्रीसम्म डिलिगेसन लिएर जाँदा इन्धन सहित दुई वटा गाडीहरु बहालको रु१०१२२६।-, २१४ वटा खानाको प्रति खाना रु ४५०।- बमोजिम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु ९६३००।-, कोठाभाडा ४२वटाको रु १५००।- दरमा रु ६६३००।- खर्च भएको देखिन्छ । | |
| ३१ | ११२४ | ७९/०१/०५ | वडानं १ वडाकप फुटबल प्रतियोगिता संचालनको भजनी क्लब भजनीलाई रकम रु २८७५०४।-भुक्तानी दिदाँ- वडाबाट विनियोजित रु ३०००००।- र इन्ट्री फि रु ५०००।- को दरमासंकलन गरि संचालन भएको वडास्तरिय फुटबल प्रतियोगितामा प्रथम पुरस्कार वापत रु१०००००।- र द्वतिय पुरस्कार वापत रु ५००००।- वितरण गरिएकोमा आकष्मिक पारिश्रमिककर वापत रु ३७५००।- र बहाल कर रु २१००।-करकट्टी हुन छुट भएकोले सो रकम रु ३९६००।- भजनी क्लबबाट असुल गरि करदाखिला गर्नुपर्ने रु.<br><br>साथै फुटबल जाली, पाईप, पोल, कर्नर पोल, बोर्ड, फुटबल, लाइन्समेन झण्डा लगायतका रु ८४५६०।- बराबरको खर्च भई नजाने जिन्सी सामाग्रीहरुकोक्लबको जिन्सी अभिलेखमा आम्दानी बाँधेकोकागजपत्र संलग्न गरि खर्च रु. ८४,५६० नियमित हुनु पर्दछ । | ३९६०० |
| ३२ | ११६७ | ७९/०१/१२ | समाजपरिवर्तनका लागि वातावरण संरक्षण प्रवर्धन नेपाललाई वडा नं ९ वडा स्तरिय पावरटिलर मर्मत तथा सम्भार तालिम कार्यक्रमको रु १४५१४८।- भुक्तानी दिदाँ- तालिमखर्च तालिका बमोजिम चिया नास्ताको दर ४५०।- तालिम केन्द्र भाडा ४०००।-औजारहरुको १५०००।- आदि गरि संलग्न बिलमातिरेको रकम भन्दा बढी देखाई रु १२८४५०।- देखाइएको तर संलग्न बिल र भरपाईहरुकोजोडजम्मा गर्दा रु ११३८५०।- मात्र देखिएकोले बढी भुक्तानी भएको रकम रु १४६००।-असुल गरिनुपर्ने । | १४६०० |
| ३३ | ११७३ | ७९/०१/१३ | वडानं ६ वडा सचिव सुमन कुमार चौधरीलाई फ्रिज खरिदको रकम रु ४४४०२।- भुक्तानी दिदाँ-कम्पनी आधिकारिक वेवसाइटमा खरिद भएको | २४३३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>रेफ्रिजिरेटरको छुट बाहेक अंकित मुल्य रु३७३९०।- उल्लेख भएता पनि फ्रिज खरिदामा भ्याटबाहेक रु ३९८२३।- भुक्तानी भएकोदेखिएकोले बढी भुक्तानी रकम रु २४३३।- असुल गरिनुपर्ने ।</td><td></td></tr>
<tr><td>३४</td><td>११९२</td><td>७९/०१/१९</td><td>वडानं ९ वडा सचिव विनय कुमार चौधरीलाई क्लबका प्रतिनिधि भलमन्सा समाजसेवीहरुलाईकानुन सम्बन्धी तालिम कार्यक्रमको रु ९५३६९।- भुक्तानी दिदाँ- कार्य सञ्चालननिर्देशिका २०७७ बमोजिम प्रतिवेदन लेखन वापत रु १५००।- प्रदान गरिने व्यवस्थागरिकोमा कार्यक्रममा रु २५००।- को दरमा भुक्तानी दिइएकोले कर कट्टी बाहेको बढीभुक्तानी रकम रु ८५०।- असुल गरिनुपर्ने ।</td><td>८५०</td></tr>
<tr><td>३५</td><td>१२१४</td><td>७९/०१/२६</td><td>१५ शैया नगर अस्पताल व्यवस्थापन शिर्षक अन्तर्गत X-ray Machine र CR System खरिदको नमिता सर्जिकल सप्लायर्स धनगढीलाई रकम रु २५८७५७२।- भुक्तानी दिदाँ- मिति २०७८/१०/११ गते रु २८९३३६०।- को सिलबन्दी दरभाउपत्रको लागि पन्ध्र दिने सुचना जारी गरि मिति २०७८/११/१५ गते दरभाउ पत्र मूल्याङ्कन गर्दा चारवटा दरभाउ प्रस्ताव मध्ये अंकित मुल्यमा १.५% घटिमा नमिता सर्जिकल सप्लायर्स धनगढीको रु २८४९८६०।- को शिलबन्दी दरभाउपत्र स्वीकृत गरि खरिद सम्झौता गरि खरिद कार्य गरिएको देखिएको छ।</td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३,७९,५८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१.२</td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं.</td><td>गो.भौ.नं.</td><td>मिति</td><td>स्रेस्ता परीक्षणबाट देखिएको व्यहोरा</td><td>नियमित गर्नुपर्ने</td></tr>
<tr><td colspan="4">नगरपालिका समानीकरण अनुदान<br>चालू:८०७७४०५००१</td><td></td></tr>
</table>
</td><td>४,५७४,७४१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | १२ | ७८/०५/१६ | गोविन्दहोटल एण्ड रेष्टुरेन्ट भजनीलाई विविध खर्च वापतको रकम रु २२६१५।-भुक्तानी दिदाँ- रु २००००।-भन्दा बढी पान बिल बाट भुक्तानी भएकोले सो नियमित गर्नुपर्ने । | २२६१५ | |
| | | | २ | १०७ | ७८/०६/१९ | महुन्याल मिडिया प्रा.लि भजनीलाई सुचना प्रशारणको रु २३४०००।- भुक्तानी दिदाँ-एउटै प्रकृतिको कार्यको लागि पान बिलटुक्याई रकम भुक्तानी भएको हुदाँ उक्त रकमको भ्याट बिल संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | २३४००० | |
| | | | ३ | २३७ | ७८/०७/१५ | वडानं २ वडा सचिव देवराज चौधरीले महिला स्वयमसेविकाहरुलाई प्रोत्साहन स्वरुप साइकल वितरण कार्यक्रमको रु ५५१३३।- भुक्तानीदिदा- वितरण गरिएको भनेको साइकलको बुझेको वितरण भरपाई संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ५५१३३ | |
| | | | ४ | २५१ | ७८/०७/१६ | वडानं ९ अन्तर्गत वडा स्तरियसामुदायिक पशु व्यवस्थापन शिर्षकमा वडाको बजेट बिनियोजनगरि ३ जना व्यक्तिलाई दैनिक ज्यालादारी रु ४००।- बमोजिम ज्याला भुक्तानी दिदाँ- शिर्षकको उद्धेश्य बमोजिम दैनिक ज्यालादारी कामकाजको निश्चित शर्त सहित गोरु हेरालाहरुको वडा कार्यालयसंग गरिएको ज्यालादारीसम्झौतापत्र संलग्न गरि खर्च नियमितगर्ने । | ७१२८० | |
| | | | ५ | २५३ | ७८/०७/१७ | मिश्राब्रदर्श धनगढीलाई कार्यालय सामान खरिदबिलको रु ११८६८१।- भुक्तानी दिदाँ- रु१०००००।- भन्दा बढी समान प्रकृतिको कार्यालय सामाग्री अघिल्लो पछिल्लो मिति देखाई खरिद टुक्रयाएर खरिद गर्न सार्वजनिक खरिद कानुन विपरित देखिन्छ । यस्तो एक लाख भन्दा बढीको खरिदमा व्यवसायी वा आपुर्तिकर्ताको कम्तिमा तिनवटा दरभाउपत्र माग गरि न्यूनत्तमदररेटको व्यवसायीबाट खरिद गरेको कागजातसंलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ११८६८१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | ३०४ | ७८/०८/०३ | ज्योति यूवा क्लब भजनी ५ लाई संस्थागत आर्थिक सहयोग वापत रु १९७००।- भुक्तानी दिदाँ-सहायताको लागि गरिएको कार्यापालिका बैठकको निर्णयको प्रतिलिपि संलग्न गरि खर्च नियमितगर्नुपर्ने । | १९७०० |
| ७ | ३९४ | ७८/०८/२४ | नगरस्तरीयमुक्त कमैया सञ्जाललाई कार्यापालिका निर्णयानुसार विविध खर्च शिर्षकबाट उपलब्धगराइएको रु ५८९३१।- मा कार्यापालिकाको निर्णयको प्रतिलिपि संलग्न गरि खर्चनियमित गर्ने । | ५८९३१ |
| ८ | ४४३ | ७८/०९/०२ | भजनीनगरपालिका उद्घाटनमा खाजा नास्ता खर्चको रकम रु १०८४१८।- मोनिस्का होटल भजनीलाईभुक्तानी दिदाँ- मिति २०७८/०८/०८ गते नगरपालिका भवन उद्घाटन हुदाँ मोनिस्का होटलबाट खाजा नास्ता खर्चको भुक्तानी माग भएको तर जम्मा २२२ जना व्यक्तिहरुको लागि मटन खानाको प्रति प्लेट रु ३८०।- को दरमा बजार दररेट भन्दा बढी दरमा भुक्तानी भएको देखिन्छ । नेपाल सरकारको "कार्य संचालन निर्देशिका २०७७" बमोजिम यस्तोखाजा खर्च वापत रु २००।- सम्म भुक्तानी दिन मिल्ने व्यवस्था भएकोले यो खर्च अनियमित देखिन्छ । | १०८४१८ |
| ९ | ४६९ | ७८/०९/०५ | वडासचिव छत्र प्रसाद कोइरालालाई सरुवा भ्रमण खर्च बिलको रु २०६००।- भुक्तानीदिदाँ- सरुवा रमानापत्र संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | २०६०० |
| १० | ५०८ | ७८/०९/११ | मन्धरीलोक महाकाव्य ४० प्रति खरिदको पदमराज स्मृति प्रतिष्ठान धनगढीलाई पुस्तक खरिदको रु २७५८०।- भुक्तानी दिदाँ- खरिदकोउद्धेश्य बमोजिम सम्बन्धितलाई पुस्तकवितरण भरपाई वा हस्तान्तरण फाराम संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | २७५८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | ६८९ | ७८/१०/०६ | अन्यसंस्था सहायता खर्च शिर्षक अन्तर्गत विनियोजित बजेट रकम रु ५०००००।-बाट नगरप्रमुखको तोक आदेशको आधारमा करिब रु १५०००।- को दरमा हालसम्म रु २२७०००।-भुक्तानी खर्च लेखिएकोमा- अन्य संस्था सहायताको रकमको खर्च के-कसरी गरिनेसम्बन्धमा कुनै मापदण्ड वा कार्यविधि निर्माण गरिएको देखिएन । साथै नगर प्रमुखकोतोक आदेशको आधारमा करिब रु पन्ध्र हजार देखि बीस हजार सम्म को दरमा विभिन्नसंस्थाहरुलाई विभिन्न कार्यक्रमको लागि भुक्तानी दिइने सम्बन्धी कुनै निर्णयसमेत भएको नदेखिएकोले यो शिर्षकको खर्च रकम अनियमित देखिएकोले आवश्यक नियमकानुनको व्यवस्था गरि खर्च नियमित गर्नुपर्ने । | २२७००० |
| १२ | ७७० | ७८/११/०३ | वडानं ७ को वडा कार्यालय भवनको ७ महिनाको घरभाडा घरधनी राज कुमार कठरीयालाई रु५१९७५।- भुक्तानी दिदाँ- घरभाडा सम्झौतामा बहाल कर बाहेक प्रति महिना रु ७५००।-को दरमा घरभाडा भुक्तानी गर्नुपर्नेछ भन्ने उल्लेख गरि सोहि बमोजिम बहाल कर थपगरेर आर्थिक कारोवार लेखाकंन गरेको देखियो । सार्वजनिक निकायले गर्ने आर्थिककारोबारमा अंकित रकममा कर नलाग्ने प्रावधान गरी सार्वजनिक संचित कोषमा करकोदायित्व सिर्जना गर्ने गरि सेवाप्रदायकसंग सम्झौता गरिएको देखिएको हुदाँ योनियमसंगत देखिएन । | ५१९७५ |
| १३ | ७७२ | ७८/११/०३ | मेकानिकलइन्जिनियर गणेश रावललाई ग्रेडिङ्ग मेसिन खरिदका लागि लागत अनुमान गर्नबोलाउदाको दैनिक भ्रमण भत्ता रु १०९८५।-भुक्तानी दिदाँ- निज ईन्जिनियर कार्यरत कार्यालयबाट स्वीकृत गरेको भ्रमण आदेशसंलग्न गरि खर्च नियमित गर्नुपर्ने । | १०९८५ |
| १४ | ७७५ | ७८/११/०३ | कानुनीसल्लाहकार हरि श्रीपाईलीलाई पौष र माघको पारिश्रमिक रु ३४०००।- भुक्तानी दिदाँ -सेवा परामर्शको प्रकृया पुरा गरेको | ३४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | रकार्यपालिकाको निर्णय सहित नियुक्त गरेको तथा निजबाट सम्पादन भएका कामकाजकोप्रगति प्रतिवेदन संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | |
| १५ | ८४० | ७८/११/२२ | चिरञ्जीवी विल्डर्स वर्दगोरियालाई पालिका कार्यालय नजिकैको गोदाम घर मर्मत कार्यको रु ४७०८४७।-भुक्तानी दिदाँ- निर्माण व्यवसायीबाट पेश भएको आर्थिक प्रस्ताव मुल्याङ्कन पछि खर्च गर्ने अधिकारीले खरीद कानुनकोनिर्धारित दफा-उपदफाले दिएको अधिकारप्रयोग खरिद गर्ने निर्णय गरिको टिप्पणी तथा आदेश तथा रकम भुक्तानी निवेदनमा प्र.प्र.अ.भुक्तानी तोक आदेशपत्र संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ४७०८४७ |
| १६ | ९३७ | ७८/१२/०९ | वडानं ३ वडा समिति बैठकमा कार्तिक देखिफाल्गुन सम्मको खाजा नास्ताको बिलको रकम रु ७३८७५।- श्री दहित किराना तथा चियानास्ता पसललाई भुक्तानी दिदाँ- वडा समिति बैठकको माईन्यूटको प्रतिलिपि संलग्नगरि खर्च नियमित गर्नुपर्ने । | ७३८७५ |
| १७ | ९७८ | ७८/१२/०९ | अगुवाअफसेट प्रेसलाई फाराम छपाई बिलको रु १४९५६४।- भुक्तानी दिदा- नागरिकताप्रमाणपत्र अभिलेख रजिष्टर र जिन्सी खाता रजिष्टर छपाई सम्बन्धी एउटै प्रकृतिकोकार्य ४ दिनको फरक पारी बिल टुक्रयाई सोझै खरिद गरेको देखिएकोले यो आर्थिककारोबारलाई कोटशन खरिदको प्रक्रिया पुरा गरि नियमित गर्नुपर्ने । | १४९५६४ |
| १८ | ९८१ | ७८/१२/०९ | तिर्थराज पाठकलाई अध्यात्म दर्शन सम्बन्धी ४१ वटा पुस्तक खरिदको रकम रु २३६४०।-भुक्तानी दिदाँ- पुस्तक खरिदको उद्धेश्य बमोजिम पुस्तक वितरण भरपाई वाहस्तान्तरण फाराम संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | २३६४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | १०१९ | ७८/१२/१० | दोसल्लाखरिदको निहाल एण्ड सुविक्षा बस्त्रालय भजनीलाई रु २७५९५।- भुक्तानी दिदाँ-नियमानुसार जिन्सी अभिलेख किताबमा जिन्सी दाखिला गरि खर्च नियमित गर्नुपर्ने । | २७५९५ |
| २० | १०२० | ७८/१२/१० | मार्किनकपडा खरिदको निहाल बस्त्रालय भजनीलाई रु ११७०२।- भुक्तानी दिदाँ- नियमानुसारजिन्सी अभिलेख किताबमा जिन्सी दाखिला गरि खर्च नियमित गर्नुपर्ने । | ११७०२ |
| २१ | १०२५ | ७८/१२/१३ | बानियाहोटललाई नगर सभामा भएको विविध खर्च बिलको रकम रु ४५०४९।- भुक्तानी दिदाँ-नगरसभाको माईन्यूटको प्रतिलिपि संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ४५०४९ |
| २२ | ११५७ | ७९/०१/०५ | जयश्री महालक्ष्मि मोबाइल ग्यालयरीलाई ९ थान पेनड्राइभ खरिदको रु १६४००।- भुक्तानीदिदाँ- खरिद उद्धेश्य बमोजिम खरिद भएका पेनड्राइभहरुको वितरण भरपाई संलग्न गरिखर्च नियमित गर्नुपर्ने । | १६४०० |
| २३ | ११८१ | ७९/०१/१४ | सेफहाउसको घेरवार तथा मर्मत नि.उ.स.लाई सेफ हाउस घेरबार तथा मर्मतको प्रथम रनिगंबिलको रु १०३४२३७।- भुक्तान दिदाँ- निर्माण उपभोक्ता समितिसंग नियमानुसार भएकोसम्झौता, उपभोक्ताहरुको भेलाको निर्णय, उपभोक्ता समितिको निर्णय संलग्न गरि खर्चनियमित गर्नुपर्ने । | १०३४२३७ |
| २४ | १२४१ | ७९/०२/१० | नगरपालिकाले घरभाडा शिर्षकमा रु १० लाख विनियोजित गरि आषाढ पहिलो हप्तासम्म रु ७७८५२७।- खर्चभएको देखिएको छ । सार्वजनिक खरिद नियमावलीको दफा ९४ बमोजिम सार्वजनिक निकायलेघरभाडामा लिनुपर्दा घरभाडाको लागि प्रतिस्पर्धात्मक प्रस्ताव माग गरेको सात दिनको सूचना जारी गरि घरभाडानिर्धारण समितिबाट मूल्याङ्कन गरेर घरभाडा सम्झौता गर्नपर्ने ब्यवस्था छ ।घरभाडा शिर्षक अन्तर्गतको बजेट खर्चमा नगरपालिकाले खरिद | ७७८५२७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | नियमावलीको प्रावधानपालना गरेको संलग्न श्रेष्ताबाट पुष्टी भएको नदेखिएकोले यो खर्च अनियमित देखिन्छ। | |
| २५ | १२४७ | ७९/०२/१२ | जयलक्ष्मी ट्रेड कन्सर्नलाई इन्धन खरिदको रु ५८९९९३।-भुक्तानी दिदाँ- मुल्यअभिवृद्धि कर वापतको सार्वजनिक निकायले करकट्टि गर्ने रकमकट्टी भएको नदेखिएकोले सम्बन्धित व्यवसायीबाट मुल्य अभिवृद्धि कर दाखिला प्रमाणकागजात माग गरि खर्च निमयित गर्नुपर्ने। | ५८९९९३ |
| २६ | १२५३ | ७९/०२/१२ | वडा नं. १ वडा सचिव जनक प्रसाद भण्डारीलाई स्रावन देखि बैशाख सम्मको खाजा नास्ता वापत रकम रु १६४१९९।- भुक्तानीदिदाँ- वडा समिति बैठक र अन्य आवश्यक बैठक वापत पाउने खाजा खर्चमा बैठक बाहेकको अवस्थामा खर्च भएको अत्यधिक खाजा नास्ताको रकम भुक्तानी भएको देखियो । संलग्न श्रेष्तामा भाद्र, कार्तिक, मंसिर, पौष, माघ, फाल्गुन, चैत्र, बैशाखमा सम्पन्नभएको वडा समिति बैठकको माईन्यूटको प्रतिलिप र अन्य भैपरी आउने बैठकको माइन्यूटकोप्रतिलिपि संलग्न गरि खर्च नियमित गर्नुपर्ने। | १६४१९९ |
| २७ | १२७५ | ७९/०२/२९ | सिहंदेवी अटो सेन्टर धनगढीलाई नगरपालिकाको टिपर मर्मतको रु. १,२८,२१५।- भुक्तानी दिदाँ- सार्वजनिक निकायले सार्वजनिक खरिद कानुनको सोझै खरिद ब्यवस्था अन्तर्गत रु १ लाख भन्दा बढीको खरिदमा प्रतिष्पर्धात्मक कोटेशन दरभाउ माग गरि खरिद गर्नुपर्नेमा सो बमोजिमका कोटेशन कागजात संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | १२८२१५ |
| जम्मा | | | | ४५,७४,७४१ |

| | | | | |
|---|---|---|---|---|
| ३१.३ | | | सामाजिक सुरक्षातर्फ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार, काठमाडौंको च.नं. ५७५ मिति २०७८।०६।१९ को पत्रानुसार आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ (१२) बमोजिम चालु आ.व. २०७८/७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकोले सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा वितरण गर्नुपर्ने हुँदा प्रथम त्रैमासिकको सामाजिक सुरक्षा भत्ता असोज मसान्तभित्रै वितरण गर्नुपर्ने भनि लेखि आएकोमा कार्यालयबाट सो कार्यान्वयन भएको देखिएन ।<br>२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ को (३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरि सो को कारवाही गरेको पाइएन। | |
| ३२ | | | **कृषि चालुतर्फ** | |
| ३२.१ | ८ | २०७८-९-२० | कृषि कार्यक्रम ५०।५० को लागि कृषकहरुलाई गहुँको बिउ खरिद गरी पालिकाबाट रु. ३,५०,००० अनुदान भुक्तानी दिने शर्तमा वडा नं. १ देखि वडा नं. ९ सम्मका २१६ जना कृषक तथा कृषक समूहलाई न्युनतम १ बोरी र अधिकतम २२ बोरी वितरण गरेको उक्त कार्यक्रममा कृषक समूहको दर्ता अभिलेखिकरण, लागत अनुमान यकीन नभएको, गहुँको परीक्षण प्रतिवेदन, पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेको र कृषक तथा कृषक समूह छनौटको आधार स्पष्ट नभएको उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन। | |
| ३२.२ | १३ | २०७८-१२-१ | कृषि कार्यक्रम ५०।५० को लागि कृषकहरुलाई बेमौसमी तरकारी खेती अन्तर्गत तरकारीको बिउ खरिद गरी पालिकाबाट रु. २,१९,४४० अनुदान भुक्तानी दिने शर्तमा वडा नं. १ देखि वडा नं. ९ सम्मका १०३ जना कृषक तथा कृषक समूहलाई वितरण गरेको उक्त कार्यक्रममा कृषक समूहको दर्ता अभिलेखिकरण, लागत अनुमान यकीन नभएको, पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेको र कृषक तथा कृषक समूह छनौटको आधार स्पष्ट नभएको उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.३ | ४ | २०७८-८-१३ | कृषि कार्यक्रमको लागि कृषकहरुलाई च्याउको बिउ र प्लाष्टिक खरिद गरी पालिकाबाट रु. १,३६,२७२ अनुदान भुक्तानी दिने शर्तमा वडा नं. १ देखि वडा नं. ९ सम्मका ६० जना कृषक तथा कृषक समूहलाई न्युनतम ५ पोकाको आधा के.जि. र अधिकतम १९० पोकाको ८.५ के.जी. वितरण गरेको उक्त कार्यक्रममा कृषक समूहको दर्ता अभिलेखिकरण, लागत अनुमान यकीन नभएको, पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेको र कृषक तथा कृषक समूह छनौटको आधार स्पष्ट नभएको उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन । | |
| ३२.४ | | | **युवा स्वरोजगार कार्यक्रमः** पालिकाबाट कृषि कार्यक्रममा रोजगारी सृजना गर्ने प्रयोजनको लागि बिभिन्न कारणले बेरोजगार युवाहरुलाई कृषिमा रोजगारी दिने प्रयोजनको लागि पालिकाका १६ जनालाई युवाहरुलाई छनौट तथा कार्यपालिकाको निर्णय गरी लागत अनुमान र सम्झौता पत्र समेतको आधारमा जम्मा रु. ५,२५,२९६ अनुदान भुक्तानी दिई शर्त अनुसार कार्य भए नभएको पालिकाबाट अनुगमन गरेको प्रतिवेदन पेश भएको पाइएन । | |
| ३२.५ | ३७ | २०७९-३-१३ | **मेयर नमूना गाउँ कृषि कार्यक्रमः** मेयर नमूना गाउँ कृषि कार्यक्रमका लागि करेसावारी महिला कृषक समूह भजनी ३ लाई सिफारिस तथा छनौट गरी सो कार्यक्रमको लागत अनुमान र सम्झौता पत्रको आधारमा रु. ५,२१,७४२ पालिकाबाट अनुदान भुक्तानी गरेकोमा उक्त समूहले शर्त अनुसार कृषिमा क्षमता विकासको कार्यक्रम नगरेको र लेखापरीक्षण प्रतिवेदन पेश नगरेकोमा कार्यक्रम प्रभावकारी र पारदर्शी देखिएन । | |
| ३२.६ | ३९ | २०७९-३-१६ | **मेयर नमूना गाउँ कृषि कार्यक्रमः** मेयर नमूना गाउँ कृषि कार्यक्रमका लागि सुदूरपश्चिम कृषक समूहलाई सिफारिस तथा छनौट गरी सो कार्यक्रमको लागत अनुमान र सम्झौता पत्रको आधारमा रु. ५,२२,४२३ पालिकाबाट अनुदान भुक्तानी गरेकोमा उक्त समूहले शर्त अनुसार कृषिमा क्षमता विकासको कार्यक्रम नगरेको र लेखापरीक्षण प्रतिवेदन पेश नगरेकोमा कार्यक्रम प्रभावकारी र पारदर्शी देखिएन । | |
| ३३ | | | **पशु चालुतर्फ** | |
| ३३.१ | ३० | २०७९-३-२५ | पशु चालुः डाले घाँस बहुवर्षे घाँसको स्रोत केन्द्र स्थापनाका लागि साइबाबा एग्रिकल्चरसँग सम्झौता गरी पालिकाबाट रु. २,००,००० अनुदान भुक्तानी गरेकोमा उक्त संस्थाले नर्सरी स्थापना गरी लाभग्राहीलाई लाभान्वित गरेको अवस्था, निर्माण गर्दा लागत अनुमानको अवस्था तथा कार्यक्रमको स्रोत यकीन नभएकोले कार्यक्रम प्रभावकारी र पारदर्शी देखिएन । | |
| ३३.२ | | | **पशु चालु कार्यक्रमः** पालिकाले देहाय बमोजिमको पशु कार्यक्रम सञ्चालन गर्दा पालिकाको अनुगमन प्रतिवेदन बिना भुक्तानी दिएकोले सो कार्यक्रम प्रभावकारी तथा पारदर्शी भएको पाइएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>कार्यक्रमको नाम</th><th>लाभग्राही संख्या</th><th>अनुदान रु.</th><th>कैफियत</th></tr>
<tr><td>भैसी प्रवर्द्धन कार्यक्रम</td><td>१०</td><td>१०,००,०००</td><td rowspan="2">पालिकाबाट अनुगमन भएको पाइएन ।</td></tr>
<tr><td>रैथाने तथा लेयर्स कुखुरापालन फर्म प्रवर्द्धन</td><td>९</td><td>४,५०,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>सशर्त पुँजिगत तथा अन्य खर्च परीक्षण</td><td></td></tr>
<tr><td>३४.१</td><td></td><td></td><td>विद्यालय भौतिक पूर्वाधार निर्माण- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु १,०७,९४,३१४.०० निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>बिद्यालयको नाम</th><th>कामको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सरस्वती मा.बि. न.६ नवलपुर</td><td>भवन निर्माण</td><td>४,७७,७५७</td></tr>
<tr><td>२</td><td>राष्ट्रिय मा.बि धुस्री भजनी ३</td><td>भवन निर्माण</td><td>३६,००,०००</td></tr>
</table>
</td><td>१०,७९४,३१४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>महन्याल मा.बि भजनी</td><td>नमुना बिधालय</td><td>६७,१६,५५७</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१,०७,९४,३१४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४.२</td><td></td><td></td><td>
अनुदान ब्यवस्थापनः कार्यक्रम कार्यान्यन पुस्तिका २०७८।७९ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०७८।७९ मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।
<table>
<tr><th>सि. न.</th><th>बिद्यालयको नाम</th><th>कार्यक्रमको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>राष्टिय मा.बि भजनी</td><td>ICT ल्याब स्थापना</td><td>६,४९,९९९।००</td></tr>
<tr><td>२</td><td>शिव आत्धारभुत बिधालय</td><td>ICT ल्याब स्थापना</td><td>६,५०,०००।००</td></tr>
<tr><td>३</td><td>महेन्द्र मा.बि पगरिया</td><td>ICT ल्याब स्थापना</td><td>६,५०,०००।००</td></tr>
<tr><td>४</td><td>केदारेश्वर आ.बि.चकुलिया</td><td>ICT ल्याब स्थापना</td><td>६,५०,०००।००</td></tr>
<tr><td>५</td><td>राष्टिय मा.बि पुचडिया</td><td>ICT ल्याब स्थापना</td><td>६,५०,०००।००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४.३</td><td></td><td></td><td>धरौटी फिर्ताः आन्तरिक राजश्व कार्यालयको परिपत्रअनुसार कार्यालयले कार्यसम्पन्न पश्चात संस्थाको धरौटी फिर्ता गर्दा सम्बन्धित संस्थाले सो कारोबार रकम बराबरको मूल्य समायोजन पेश गरे पछि मात्र धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले धरौटी फिर्ता गर्दा निजले उक्त कार्यवापत भुक्तानी बिवरण सहितको मु.अ.कर चुक्ता प्रमाण पत्र पेश भएको आधारमा फिर्ता गर्नु पर्नेमा सो नभई कर कार्यालयले कर चुक्ता र मु.अ.कर समायोजन भएको पठाएको पत्रका आधारमा धरौटी फिर्ता गरेको देखिन्छ । यसरी रकम र आर्थिक बर्ष उल्लेख नगरी सोझै कर चुक्ता र मु.अ.कर समायोजन भनी लेखेको आधारमा धरौटी फिर्ता गरेको वास्तबिक हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले धरौटी फिर्ता गर्दा भुक्तानी लिएको रकम एकिन गरी आएको प्रमाणका आधारमा भुक्तानी दिन तर्फ ध्यान दिनु पर्दछ ।केही उदाहरण निम्न छन।
<table>
<tr><th>भौचर न</th><th>पार्टीको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>२।२०७८।२।१९</td><td>स्वर्णिम निर्माण सेवा</td><td>६०.५५,७५९</td><td>आर्थिक बर्ष २०७६।७७को म.अ.कर समायोजन हुन पर्नेमा २०७५।७६को पेश गरेको ।</td></tr>
<tr><td>३९।२०७८।११।२५</td><td>बिद्या कन्स्टकशन</td><td>२६४११२</td><td>मु.अ.कर भुक्तानी रकम नलेखि पत्र मात्र लेखेको</td></tr>
<tr><td>२०।२०७८।९।७</td><td>पवन कन्टक्शन</td><td>५६९९७४</td><td>मु.अ.कर भुक्तानी रकम नलेखि पत्र मात्र लेखेको</td></tr>
<tr><td>४१।२०७८।१२।९</td><td>रिया कन्टकशन</td><td>४७४५३१</td><td>मु.अ.कर भुक्तानी रकम नलेखि पत्र मात्र लेखेको</td></tr>
</table></td><td></td></tr>
<tr><td>३४.४</td><td></td><td></td><td>प्रमाण बेगर फिर्ताः सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को दफा ६६ (२) को १ बमोजिम धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानूनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाण सहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यालयमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निवेदन दिनुपर्ने व्यवस्था छ ।यस र्यालयले धरौटी रकम फिर्ता गर्दा निजले धरौटी राखेको प्रमाणका आधारमा फिर्ता गर्नु पर्नेमा सो नगरी निजेले ठेक्का नपरेको भनी दिएको निबेदनका आधारमा फिर्ता गरेको रकम वास्तविक हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले धरौटी रकम फिर्ता दिदा निजले धरौटी राखेको प्रमाण संलग्न गरी फिर्ता गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ३४.५ | | | **माछापालन कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।यस कार्यालयले २०७७।७८ मा संचालन भएका भनि भौचर ४९०।२०७९।३।२४ बाट माछा पालन समुह भजनी ६ र ८का निम्न १४ जनालाई रू ८,००,०००।००भुक्तानी दिएको भनी उल्लेख भएकोमा निज ब्यक्तीहरूले माछा पालन गरे नगरेको कुनै प्रमाण फाईलमा राखेको देखिएन अत निजहरूले माछा पालन गरेको भए जग्गा धनी पुर्जा, माछा पोखरीको फोटो ,कार्यसम्पन्न प्रतिबेदन र अनुगमन प्रतिबेदन पेश हुनु पर्दछ अन्यथा माछा पालनको लागी आर्थिक बर्ष २०७७।७८ र २०७८।७९ समेतको रकम एकिन गरी निम्न ब्यक्तीलाई भुक्तानी दिएको प्रमाण गर्नु पर्ने देखिएको देखिएको रू | ८००,००० |

| सि.न | ब्यक्तीको नाम | वडा न | रकम |
|---|---|---|---|
| १ | प्रशुराम चौधरी | ८ | ४००००।०० |
| २ | पुरन चौधरी | ८ | ४००००।०० |
| ३ | सिताकुमारी चौधरी | ८ | ६४०००।०० |
| ४ | समिर शाही | ८ | ४००००।०० |
| ५ | सन्तोष शाह | ८ | ६४०००।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>बिष्णुकुमार चौधरी</td><td>६</td><td>६४०००।००</td></tr>
<tr><td>७</td><td>ज्ञान बहादुर रावल</td><td>८</td><td>४००००।००</td></tr>
<tr><td>८</td><td>भजन कुमारी बोहरा</td><td>८</td><td>६४०००।००</td></tr>
<tr><td>९</td><td>राजेश चौधरी</td><td>६</td><td>६४०००।००</td></tr>
<tr><td>१०</td><td>नरेश चौधरी</td><td>६</td><td>६४०००।००</td></tr>
<tr><td>११</td><td>सन्तोष कुमार चौधरी</td><td>६</td><td>६४०००।००</td></tr>
<tr><td>१२</td><td>बिपतराम डगौरा</td><td>८</td><td>६४०००।००</td></tr>
<tr><td>१३</td><td>हरिराम आचार्य</td><td>८</td><td>६४०००।००</td></tr>
<tr><td>१४</td><td>अमित कुमार डी. सी.</td><td>८</td><td>६४०००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८,००,०००।००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.६ | | | **बंगुर अनुदानः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।यस कार्यालयले २०७७।७८ संचालन भएका भनि भौचर ४८८।२०७९।३।२४बाट बगुर पालन समुह भजनी १,२ र ४ को लागी त्रिशक्ती बगुर पालन समुहको खातामा पठाएको रू ६००,०००।०० उक्त समुहलाई बितरण गरेको भरपाई,कार्यसम्पन्न प्रतिबेदन र अनुगमन प्रतिबेदन भुक्तानी श्रेस्तासाथ राखेको देखिएन ।अत कार्यालयले समुहलाई बितरण गरेको भरपाई.कार्य सम्पन्न प्रतिबेदन र अनुगमन प्रतिबेदन पेश गर्नु पर्ने देखिएको रू. | ६००,००० |
| ३५ | | | **सेनेटरी प्याड खरिद**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद २ को दफा ४ को उपदफा १ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था छ।आपर्तिकर्ताले मालसामानको आपुर्ति गर्दा तोकिएको स्पेशिफिकेशन बमोजिमको गर्नु पर्ने तथा प्राविधिक प्रतिवेदन सहितको गुणस्त आश्वसतताको प्रतिवेदन दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सेनेटरी प्याड खरिद कार्यको प्राविधिक प्रतिवेदन संलग्न राखेको देखिएन। आपुर्तिकर्ताले सेनेटरी प्याडको उत्पादित मिति र प्रयोग गर्न सकिने मिति र अन्य स्पेशिफिकेशन समेत उल्लेख गरेको छैन । पालिकाले जम्मा ३८४०० वटा सेनेटरी प्याड खरिद गर्नको लागि सम्झौता गरेकोमा आपुर्तिकर्ताले ३८२१६ वटा मात्र सेनेटरी प्याड आपुर्ति गरेको देखिन्छ । विद्यार्थि संख्याको अनुपातमा सेनेटरी प्याड खरिद गर्नु पर्नेमा सो समेत गरेको देखिएन । यस्तो प्रकारको कार्यले खरिद कार्यको गुणस्तरियता र लाभग्राही छात्राहरुले समयमै सेनेटरी प्याड प्राप्त गरेको सम्बन्धमा आश्वस्ता हुन सकिएन । | |
| ३६ | | | **क्षति सम्बन्धी तथ्याङ्क संकलन**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, कागजात र प्रमाण हुनुपर्ने व्यवस्था छ। मिति २०७८।०५।३१ देखि २०७८।७।२ गते सम्म परेको अविरल वर्षाको कारणले पालिकाका ९ वडाहरुमा पुर्याएको क्षतिको विवरण संकलन गर्न कृषि शाखाका कर्मचारी, वडाका जनप्रतिनिधि, प्रहरी, राजनीतिक दलहरुका प्रतिनिधि लगायतका ११६ जना व्यक्तिहरुलाई खाजा खर्च वापत प्रतिदिन ८०० को दरले ४,६०,००० भुक्तानी गरेको छ। क्षतिको विवरण संकलनमा खटिएका व्यक्तिहरुको हाजिरी, व्यक्तिगत रुपमा क्षतिको विवरण संकलनको रेकर्ड, क्षतिको विवरण संकलन सम्बन्धमा पालिकाले गरेको निर्णय, क्षतिको विवरण संकलन पछीको विस्तृत रुपको प्रतिवेदन लगायतका खर्च पुष्टि गर्ने काजगपत्र पेश हुन सकेन। साथै विपत्तको समयमा तथ्याङ्क संकलनको लागि मात्र भनेर ११६ जना व्यक्तिहरुलाई भुक्तानी गरेर गरिएको खर्चले | ४६०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | औचित्यता पुष्टि गर्न सक्दैन। अतः पालिकाले संकटको समयमा अन्य खर्चहरुमा अधिकतम मितव्ययी भई बाढीबाट पिडितको लागि खर्च गर्नु पर्नेमा खर्चको पुष्टी हुन नसक्ने गरि अन्य प्रयोजनमा गरिएको नियमसम्मत् मान्न नसकिने रकम रु. | |
| ३७ | | | अनुगमन तथा सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्ष लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।<br><br>(रु. हजारमा)<br><br>गत वर्षसम्मको बेरुजु (A): १९,४४,५६<br>यो वर्ष सम्परीक्षण गरिएको बेरुजु (B): ८,१७<br>गत वर्षसम्मको बाँकी बेरुजु (C=A-B): १९,३६,३९<br><br>यस वर्ष पालिकाले रु ८,१७,८०८।०० फछयौट गरी सम्परीक्षणको लागि अनुरोध भई आएकोमा निम्नानुसार रु ८,१७,८०८।०० सम्परीक्षण गरिएको छ ।<br><br>सि.नं.: १ \| आ.व.: २०७६।७७ \| दफा: ८४ \| व्यहोरा: निम्न ब्यक्तिको नाममा पेश्की बाँकी रहेको रू \| फछ्र्यौटको आधार: निम्न ब्यक्तिको पेश्की असुल भई नगरपालिका कोष दाखिला भएको प्रमाण पेश । \| रकम: ८१७८०८।०० | |

(रु. हजारमा)

| गत वर्षसम्मको बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु (B) | गत वर्षसम्मको बाँकी बेरुजु (C=A-B) |
|---|---|---|
| १९,४४,५६ | ८,१७ | १९,३६,३९ |

| सि.नं. | आ.व. | दफा | व्यहोरा | फछ्र्यौटको आधार | रकम |
|---|---|---|---|---|---|
| १ | २०७६।७७ | ८४ | निम्न ब्यक्तिको नाममा पेश्की बाँकी रहेको रू | निम्न ब्यक्तिको पेश्की असुल भई नगरपालिका कोष दाखिला भएको प्रमाण पेश । | ८१७८०८।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td></td><td>१.देबेन्द्र कु चौधरीको रु ४,१७,८०८.००<br><br>२.खडक ब चौधरीको रु ४,००,०००।००</td><td>१.देबेन्द्र कु चौधरीको रु ४,१७,८०८.००<br><br>२.खडक ब चौधरीको रु ४,००,०००।००</td><td></td></tr></table></td><td></td></tr>
</table>